म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३६ शुक्रबार, १२ पुस २०८१ ने. सं. ११४५ थिलागा 27 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**उपभोक्ता सचेत बनौं**

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा संघबाट तीन सचिव आए, बिशिष्ठ श्रेणीका कर्मचारी संकट

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ राजनीतिक भागबण्डा मिलाउन मन्त्रालयको संख्या बढाएर १४ वटा पुऱ्याएको बागमती प्रदेश सरकारको मन्त्रालयमा सचिव नहुँदा कार्यसम्पादन फितलो बन्दै गएको छ । मन्त्रालय संख्या धेरै भएकै कारण मन्त्रालय राख्ने घर फेला परिरहेको छैन ।

१४ मन्त्रालय रहेको बागमती प्रदेशका ७ मन्त्रालय सचिवबिहीन बनेको छ । चार जना सचिवले दोहोरो जिम्मेवारीमा काम गरिरहेका छन् । प्रदेशसँग विशिष्ट श्रेणीका कर्मचारी अभाव हुँदा प्रशासनिक काम प्रभावित भएको हो । मन्त्रालयको कामकाज नै रोकिने स्थितिमा पुगेपछि प्रदेश सरकारले यसअघिको मन्त्रिपरिषद् बैठकबाट चारजना सचिवलाई दोहोरो जिम्मेवारी दिएर काम गराएको थियो ।



सचिव अभावले समस्या भोगिरहेको प्रदेश सरकारको आग्रहमा संघीय सरकारले हालै तीन जना सचिव पठाएको छ । बागमतीमा लामो समयदेखि ७ सचिव पद रिक्त रहेकोमा संघीय सरकारले तीन सचिव खटाएको हो । डा. सुमित्रा गौतम, रिपेश कुमार शाक्य र वीरेन्द्रदेव भारतीलाई पठाइएको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

उनकाअनुसार बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले डा. गौतमलाई स्वास्थ्य मन्त्रालयको जिम्मेवारी दिएको छ । शाक्य र भारतीलाई जिम्मेवारी तोक्न बाँकी रहेको मन्त्री लामिछानेले बताए । बागमतीमा संघबाट तीन सचिव आएसँगै अब ४ सचिव पद रिक्त छ । चार जना सचिवलाई दोहोरो जिम्मेवारी दिइएको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव बलराम निरौलाको दुई महिना अघि नै सरुवा भएर पनि सचिव अभावका कारण काम गरिरहेको मन्त्री लामिछानेले बताए ।

गत १० मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले बद्रीनाथ गैह्रे र राजेन्द्रकुमार केसीलाई दोहोरो जिम्मेवारी तोकेको थियो । सामाजिक विकास मन्त्रालयका सचिव गैह्रेले युवा तथा खेलकुद मन्त्रालय र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव केसीले संस्कृति तथा पर्यटन मन्त्रालयको पनि जिम्मेवारी पाएका थिए । प्रदेशको गृह मन्त्रालयको रुपमा रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले नै विगत एक वर्षदेखि सचिव पाएको छैन् ।

प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको पनि जिम्मेवारी लिँदै आएका छन् । दोहोरो जिम्मेवारीमा रहँदा आफूलाई दैनिकरुपमा काम गर्न असहज हुने गरेको सचिव दर्जी बताउँछन् । दुई सिफ्टमा काम गर्नु परेको अवस्था रहेको उनले बताए । सचिव अभाव भएकाले दोहोरो जिम्मेवारी दिएर काम गरिएको मन्त्री लामिछानेले बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै कानुन सचिव पद रिक्त छ ।

मन्त्री लामिछानेका अनुसार बागमती सरकारले प्रदेशमा समायोजन भएर आएका ११औं तहका कर्मचारीलाई नै सचिवको जिम्मेवारी तोक्ने गरी गृहकार्य गरिरहेको छ । प्रदेश लोकसेवा आयोगबाट बुढवा भएका ११औं तहका कर्मचारीलाई सचिव बनाउने गरी छलफल भइरहेको उनले बताए । सचिव अभावको समस्याको दीर्घकालीन समाधानका लागि प्रदेशले सचिव तयार गर्ने गरी छलफल भएको उनको भनाई छ । बागमतीले यसअघि नै प्रदेश निजामति सेवा ऐन बनाएर कार्यान्वयनमा लगिसकेको छ ।

# मकवानपुरगढी पत्रकार समाजमा नयाँ कार्यसमिति




साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ पत्रकारको साझा संस्था मकवानपुर गढी पत्रकार समाजको अध्यक्षमा रेवतिप्रसाद तिमल्सिना 'नवीन' अध्यक्षमा चयन भएका छन् ।

समाजको बिहीवार गाउँपालिका केन्द्र मक्राञ्चुलीमा भएको प्रथम अधिवेशनले तिमल्सिनाको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । तिमल्सिना मकवानपुरमा रहेर एक दशक भन्दा लामो समयदेखि पत्रकारितामा सक्रिय छन् । मकवानपुरगढीमा छापा सञ्चारमाध्यमसमेत सञ्चालन गरिरहेका उनी अनलाइनखबर डटकमको मकवानपुर संवाददाता र हेटौंडाको साझाकुरा दैनिकमा कार्यरत् छन् ।

यसैगरी, समाजको उपाध्यक्षमा मनोज देवकोटा, सचिवमा श्रीराम अर्जुन, कोषाध्यक्षमा अशोक बजगाईं, सह-सचिवमा भुवन घलान (सोमलाल) चयन भएको निर्वाचन समिति संयोजक तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले जानकारी दिए । सदस्यहरुमा सञ्जिव सुनार (प्रहर खबर डटकम), अञ्जना तामाङ न्यासुर, आँचल घिमिरे र सुमिना चौलागाईं चयन भएका छन् ।

२०७७ पुसमा स्थापित मकवानपुरगढी पत्रकार समाजमा करिब करिब ४० जना पत्रकार आबद्द छन् । मकवानपुरमा पत्रकार महासंघ जिल्ला समितिपछि पत्रकारको साझा संस्थाको रुपमा गठित यो समाज दोस्रो हो । हालै सम्पन्न पत्रकार महासंघको निर्वाचनमा बागमती प्रदेश उपाध्यक्ष, जिल्लाका उपाध्यक्ष, दुई जना सहसचिव, दुई जना कार्यसमिति सदस्य, केन्द्रीय परिषद् सदस्य र प्रदेश परिषद् सदस्यमा गरी कुल ८ जना निर्वाचित भएका थिए ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष सरिता दाहालको सभाध्यक्षतामा भएको अधिवेशनमा गाउँपालिकाको निवर्तमान अध्यक्ष बिदुर हुमागाईं, उपाध्यक्ष मानकुमारी नेपाली पाखिन, ३ नम्बर वडाका अध्यक्ष भागवत घिमिरे, २ नम्बर वडाका अध्यक्ष बखानसिं पाखिन, ४ नम्बर वडाका अध्यक्ष अर्जुन तिमल्सिनालगायतको आतिथ्यता रहेको थियो ।

गाउँपालिका अध्यक्ष स्याङ्तानले समाजसँग सहकार्य गरेर अगाडि बढ्ने बताउँदै गाउँपालिकाको समग्र विकासमा पत्रकारको महत्वपूर्ण साथ चाहेको बताए । उनले मकवानपुरगढीका पत्रकारले गरेको सहयोगको खुलेर प्रशंसा गरे । निवर्तमान अध्यक्ष हुमागाईंले पत्रकारको साझा संस्थाको रुपमा रहेको यो समाजबाट स्थानीय सरकारले धेरै अपेक्षा राख्ने बताउँदै राम्रो पक्षमा साथ दिने र कमि कमजोरी देखिए सचेत गराउनेसम्मको भूमिका निर्वाह गर्न पत्रकारलाई आग्रह गरे ।

**महासंघमा निर्वाचित ८ जनालाई स्वागत सम्मान**

यसैबीच २८ मंसिर २०८१ मा भएको पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्ला समितिको न्विाचनबाट निर्वाचित ८ जना समाजका सदस्यलाई स्वागत सम्मान तथा बधाई ज्ञापन गरिएको छ ।

पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्षमा निर्वाचित हरि हुमागाईं, जिल्ला उपाध्यक्षमा निर्वाचित ध्रुव अधिकारी, सहसचिव शिव वियोगी चौलागाईं र सन्नु रिजाल, कार्यसमिति सदस्य श्रीराम अर्जुन र सञ्जिव सुनार, केन्द्रीय परिषद् सदस्य सुजन विडारी र प्रदेश परिषद् सदस्यमा निर्वाचित बलराम पुडासैनीलाई अध्यक्ष स्याङ्तान, निवर्तमान अध्यक्ष हुमागाईं, उपाध्यक्ष पाखिनलगायतले प्रमाणपत्रसहित खादा, टीका लगाएर सम्मान तथा बधाई ज्ञापन गरेका थिए ।

# २९ जनाले गरे रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/हेटौंडा उपमहानरपालिका-७ स्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्थाले स्थापना दिवसको अवसरमा रक्तदान गरेको छ ।

संस्थाको २६ औं स्थापना दिवसको अवसरमा संस्थाको प्राङगणमा रक्तदान कार्यक्रमको आयोजना गरिएको संस्थाका अध्यक्ष इन्द्रबहादुर बस्नेतले जानकारी दिए । रक्तसञ्चार सेवाकेन्द्र हेटौंडाको प्राविधिक सहयोगमा आयोजना गरिएको रक्तदानमा ७ जना महिला र २२ पुरुष गरी २९ जनाले रक्तदान गरेका थिए । संस्थाले सामाजिक उत्तरदायित्व बहनमा रहेर रक्तदान आयोजना गरिएको सहकारीका प्रबन्धक रामशरण गौतमले बताए ।

स्थापना दिवसको अवसरमा संस्थाले वार्षिकरुपमा रक्तदान गर्दै आएको छ । अन्य रगत समूहको तुलनामा 'ए पोजेटिभ' रगतको अभाव देखिएकोले यो रक्त समूहका व्यक्तिलाई रक्तसञ्चार सेवा केन्द्रमा आएर रगतदान गर्न प्राविधिक किशोर सापकोटाले आग्रह गरे । रक्तदानमा संस्थाका उपाध्यक्ष विजयबहादुर बस्नेत, पदाधिकारी, कर्मचारी शेयर सदस्यहरुको सहभागिता रहेको थियो । स्थापना दिवसको अवसरमा संस्थाले सप्ताहव्यापी बिबिध कार्यक्रम गरेको छ ।

# बागमतीका ११ प्रादेशिक अस्पतालको अध्यक्ष नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ बागमती प्रदेशको ११ वटा प्रादेशिक अस्पतालले अध्यक्ष पाएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयले ११ जिल्लाको प्रादेशिक अस्पतालको अध्यक्ष नियुक्त गरेको हो ।

मन्त्रालयले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ (पहिलो संशोधन) को दफा २६ (ख) उपदफा २ को काम, कर्तव्य र अधिकार बमोजिमको कार्यसम्पादन गर्नगरी अध्यक्ष नियुक्त गरेको हो । ऐनको दफा २६ (क) को उपदफा (९) बमोजिमको पदावधि कायम हुनेगरी दफा २६ (क) उपदफा (२) बमोजिम अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष नियुक्त गरिएको हो ।




मन्त्रीस्तरीय निर्णय अनुसार भक्तपुर अस्पतालको अध्यक्षमा प्रदेशका पूर्वसांसद सूर्यविनायक-१, शशीजंग थापालाई नियुक्त गरिएको छ । मन्त्रीस्तरीय निर्णयअनुसार पशुपति चौलागाई स्मृति अस्पताल दोलखाको अध्यक्षमा भीमेश्वर-१ का सुवास रिमाल, त्रिशूली अस्पतालको अध्यक्षमा विदुर-१० का उपेन्द्र बुढाथोकी, बकुलहर रत्ननगर अस्पतालको अध्यक्षमा रत्ननगर-२ चितवनका गोपाल कर्माचार्य, चौतारा अस्पतालको अध्यक्षमा चौतारा साँगाचोकगढी-११ का केशवराज गिरीलाई नियुक्त गरिएको छ ।

त्यस्तै, रसुवा अस्पतालको अध्यक्षमा गोसाईंकुण्ड-६ का विवश श्रेष्ठ, मेथिनकोट अस्पताल काभ्रेको अध्यक्षमा नमोबुद्ध-७ का विष्णुप्रसाद खनाल, बज्रबाराही चापागाउँ अस्पताल ललितपुरको अध्यक्षमा गोदावरी-११ का रामहरि घिमिरे, टोखा चण्डेश्वरी अस्पताल काठमाडौंको अध्यक्षमा काठमाडौं-१८ का प्रकाश खड्गी, रामेछाप अस्पतालको अध्यक्षमा रामेछाप-६ का यमकुमार पाखिन र धादिङ अस्पतालको अध्यक्षमा गल्छी-५ की राधिका सापकोटालाई नियुक्त गरेको छ ।

मन्त्रीस्तरिय निर्णय अनुसार नुवाकोटको आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको अध्यक्षमा शिवकुमार चित्रकारलाई नियुक्त गरेको छ । मन्त्रालयका सूचना अधिकारी डा.रविन भुसालका अनुसार हेटौंडा अस्पताल र सिन्धुली अस्पतालको अध्यक्ष बाहेक सबै जिल्लाका प्रादेशिक अस्पतालको अध्यक्ष नियुक्त गरिएको हो । हेटौंडा अस्पतालको अस्पताल सञ्चालन तथा व्यवस्थापनको अध्यक्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार हुने कानुनी व्यवस्था रहेकाले निर्णय नभएको उनले बताए ।

# क्रिसमसको अवसरका शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/अग्रेजी नयाँवर्ष २०२५ र क्रिसमस पर्वको अवसरका हेटौंडामा शुभकामना आदानप्रदान गरिएको छ । एसडिए चर्चको आयोजनामा हेटौंडा उपमहानरपालिका-१४ ड्राइभर डाँडामा शुभकामना आदानप्रदान तथा साँस्कृतिक कार्यक्रमको आयोजना गरिएको हो ।

एसडिए चर्च नेपालका अध्यक्ष एवम् एसडिए बाइबल क्लेजका डाइरेक्टर डाक्टर शैलेस दिनदयालको अध्यक्षतामा भएको कार्यक्रममा ३ सय पटक भन्दा बढी रक्तदान गरी गिनिज बुकमा रेकर्ड राखेका कोरियाका एडर पार्क संङ्सुको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा एसडिए चर्च बागमति प्रदेश अध्यक्ष सामुयल शर्मा, वरिष्ठ सल्लाहकार जीवन साह, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता थियो । कार्यक्रममा वक्ताहरुले सबै धर्मको सम्मान गर्नुपर्ने बताएका थिए । सो अवसरमा उपहार साटासाट गरिनुका साथै स्थानीय कलाकार दीपक कालिराज र संगिता सुनारलगायतले विशेष प्रस्तूति राखेका थिए ।

# बागमती प्रदेश लिगमा दोलखा र सिन्धुलीको जित

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ हेटौंडामा जारी दोस्रो बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा बिहीवार भएको दुई खेलमा दोलखा र सिन्धुलीले जित हात पारेको छ ।

हेटौंडा-५, स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको पहिलो खेलमा दोलखाको टाइगर टिमले नुवाकोटको बटार युथ क्लबलाई २-१ गोल अन्तरले पराजित गऱ्यो । दोलखाका लागि सुजन माझी र संग्राम श्रेष्ठले गोल गरे भने किशोर पण्डितले पेनाल्टीमार्फत एक मात्र गोल गरेका थिए । खेलको म्यान अफ द म्याच दोलखाका सुजन माझी घोषित भए । उनले पुरस्कार वापत नगद ३ हजार रुपैयाँ र ट्रफी प्राप्त गरे ।

त्यस्तै दोस्रो खेलमा सिन्धुलीको ब्लु अल्पाईन क्लबले भक्तपुरको थिमी युथ क्लबलाई ३-० गोल अन्तरले पराजित गरेको छ । सिन्धुलीको जीतमा सञ्जिव धामी, समिर धामी र रबि महतराले गोल गरे । खेलको म्यान अफ द म्याच सिन्धुलीका रबि महतरा घोषित भए ।

प्रतियोगिता अन्तर्गत शुक्रबार १२:३० बजे हुने पहिलो खेलमा धादिङको धुनिवेशी युवा समाज र मकवानपुरको पदमपोखरी युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ भने ३ बजे हुने दोस्रो खेलमा काभ्रेको माउण्ट एभरेष्ट एफसी र चितवनको भक्तपुर फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# अस्थिरताको पथमा प्रदेश सरकार

बागमती प्रदेशको अधिकांश संरचनाको काठमाडौंमा सम्पर्कालय स्थापना गरिएको छ । कतिपय मन्त्रालयले काठमाडौंका ठूला होटलमा कार्यक्रम गरिरहेका छन् । हेटौंडामा होटल सुबिधा नभएर काठमाडौंमा कार्यक्रम गरिएको होइन । मन्त्रालयका उच्चपदस्थहरुको घर काठमाडौंमा भएकै कारण काठमाडौं केन्द्रित हुन पुगेका हुन् । बिकेन्द्रिकरणको जतिसुकै राग अलापेपनि केन्द्रिकृत मानशिकता हटेको छैन । यसको ज्वलन्त उदाहरण हो प्रदेश सरकारको स्थायी संरचना निर्माण हुन नसक्नु । बागमती प्रदेश स्थापनाको ७ वर्षसम्म भाडाका घर र संघीय सरकारका पुराना कार्यालयबाट कार्यसञ्चालन गर्नु बाहेक प्रदेश सरकारले आफ्नै थलो निर्माण गर्न सकेको छैन । प्रदेश सरकारले सात वर्ष लाग्दासम्म पनि आफ्नो प्रादेशिक संरचनाको गतिलो र स्थयी जग बसाउन नसकेको हो । विगतमै प्रादेशिक संरचना निर्माणका लागि पहिचान गरिएको जग्गा संघीय सरकारबाट स्वीकृति लिएर काम गर्न प्रदेश सरकार असक्षम बनेको छ । बागमतीमा ७ वर्षभित्र ५ जना मुख्यमन्त्री र ८० जना भन्दा बढी मन्त्री भइसकेका छन् । यस अवधिमा हालका मुख्यमन्त्री बहादुरसिं लामा पाँचौं मुख्यमन्त्रीका रुपमा कार्यरत छन् ।

प्रदेशको अघिल्लो कार्यकालमै पहिचान भएको जग्गामा संरचना निर्माणका लागि टुंगो लागेको छैन । जग्गाको टुंगो नलाग्दा पुराना सरकारी भवन र भाडाको घरबाट मात्र नभई तरकारी बजारका लागि बनाइएको भवनमा गएर मन्त्रालय बस्नु परेको छ । बर्सेनि ३ करोडभन्दा बढी रकम घरभाडाबापत प्रदेश सरकारले बुझाउँदै आएको छ । प्रदेश सरकारले हरेक वर्ष प्रादेशिक संरचना निर्माणका लागि बजेट विनियोजन गरिरहेएको छ तर, जग्गा प्राप्तिमै रुमल्लिँदा प्रदेशका मन्त्रालय, प्रशासनिक भवन, विभिन्न आयोजना र आयोजना कार्यान्वयन ईकाईको कार्यालय निर्माण हुन सकेको छैन । पछिल्ला दिनमा काठमाडौंमा सम्पर्कालय स्थापना गरेर प्रदेशका अधिकारीहरु नै आफ्नो बसाइलाई काठमाडौं केन्द्रित गर्न थालेपछि स्थानीयमा आशंका पैदा भएको छ । प्रादेशिक संरचना बनाउन प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत् छुट्टै कार्यालय स्थापना गरिएको छ । जग्गा टुंगो नलाग्दा कार्यालयले पनि काम अघि बढाउन सकेको छैन । तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको प्रदेश सरकारले सुरुमा हेटौंडा उपमहानगरपालिका-९ स्थित हेटौंडा सिमेन्ट उद्योगको जग्गामा प्रादेशिक संरचना बनाउन खोजेको थियो । हेटौंडाको हटियास्थित डिपोचौरको जग्गामा प्रादेशिक संरचना निर्माणका लागि प्रदेशले २०७८ फागुनमा संघीय सरकारसमक्ष स्वीकृति माग गरेको थियो । प्रदेश मन्त्रिपरिषद्ले २०७९ फागुनमा निर्णय गरेर वातावरणीय प्रभाव मूल्यांकन गरी त्यसको प्रतिवेदन प्रदेश सरकारले संघीय सरकारलाई पठाएको भएपनि स्वीकृत हुन सकेको छैन । अहिले नै प्रादेशिक संरचना निर्माण अगाडि बढ्ने सम्भावना छैन । जग्गा प्राप्तिमा समस्या हुँदा प्रादेशिक संरचनाका लागि छुट्याइएको बजेट बर्सेनि फ्रिज हुँदै आएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा प्रशासनिक तथा आवास भवन अध्ययन तथा निर्माणका लागि विनियोजन भएको ४ करोड रुपैयाँ फ्रिज भएको थियो । आव २०७७/७८ मा ९७ करोड, आव २०७८/७९ मा ५० करोड बजेट छुट्याइए पनि प्रयोग हुन सकेन । आव २०७९/८० मा दुईवटा शीर्षकअन्तर्गत ४० लाख रुपैयाँ र सोही वर्षमा मुख्यमन्त्री तथा मन्त्रालयको डिजाइन र ड्रइङ शीर्षकअन्तर्गत २० लाख रुपैयाँ तथा प्रदेश राजधानीको विविध पूर्वाधार विकास अध्ययन तथा अनुसन्धानका लागि २० लाख रुपैयाँ बजेट फ्रिज भएको थियो । हरेक वर्ष बजेट बिनियोजन गर्ने र रकम फ्रिज गर्दै जाने गर्दा सरकारको कार्यसम्पादनमा प्रश्नचिन्ह खडा भएको छ । प्रादेशिक प्रशासनिक भवनसम्बन्धी आयोजनाका लागि गत आव २०८०/८१ मा २५ करोड र चालु आर्थिक वर्षमा ३५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले स्थायी संरचना निर्माण नगरेका कारण हेटौंडाबाट अन्यत्र स्थानान्तरण हुनसक्ने आशंका स्थानीयको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १३ गते शनिबार २८ डिसेम्बर २०२४ । त्रयोदशी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:१६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा सुखद माहौल रहनेछ | तुला | : मानसिक सन्तोष हुनेछ |
| वृष | : स्थिति अनुकूल बन्नेछ | वृश्चिक | : धन प्राप्ति हुनेछ |
| मिथुन | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ | धनु | : व्यापारमा नयाँ योजना बन्नेछ |
| कर्कट | : अहंकारको भावले काम विगार्नेछ | मकर | : कठिनाई कम हुनेछ |
| सिंह | : धार्मिक कार्यको अवसर मिल्नेछ | कुम्भ | : साथीभाइमा मनमुटाव हुनेछ |
| कन्या | : व्यापार राम्रो चल्नेछ | मीन | : नयाँ काम समय देखिन्छ |

# सिरियामा इजरायली आक्रमणको उद्देश्य



✍ श्यामप्रसाद मैनाली

आजका शक्ति सम्पन्न राष्ट्रहरू विश्वभर नै आफ्नो आधिपत्यता कायम गर्न व्यस्त छन् । आधिपत्य कायम गर्ने आधार स्रोत साधन, सैन्य शक्ति, ठूलो जनसंख्या, ठूलो क्षेत्रफल आदि बढी देखिएको छ । उदाहरणका लागि रुस ठूलो क्षेत्रफल भएको देश हो । चीन केही समय अघिसम्म विश्वमै सबैभन्दा ठूलो जनसंख्या भएको देश हो । जापान प्रविधिका आधारमा अहिले पनि विश्वमा उच्च श्रेणीमा अंकित छ । स्रोत र साधनका हिसाबले संयुक्त राज्य अमेरिका विश्वमै सर्वोच्च स्थान हासिल गरेर बसेको छ । यी देशहरूको सबैको साम्राज्यवादी सोच र उच्च महत्वाकांक्षाका कारण ठूला ठूला युद्धहरू भएका छन् । आजका दिनसम्म पनि विभिन्न क्षेत्रमा विश्वका शक्ति सम्पन्न राष्ट्रहरूका बीचको गठबन्धन कै कारणले द्वन्द्व सिर्जना भएको छ । सामान्य र कमजोर देशहरू पनि यो आधिपत्यता कायम गर्न तल्लीन देशको चपेटामा परिराखेका छन् । उनीहरूको सार्वभौमसत्तामा समेत बेलाबखत अतिक्रमण हुने गरेको छ ।

इराकमा संयुक्त राज्य अमेरिकाको सैन्य हस्तक्षेप हुनु र सद्धाम हुसेनलाई मृत्युदण्ड दिनुका पछाडि पनि यस्तै शक्ति सम्पन्न देशहरूको इज्जत र प्रतिष्ठाले ठूलो भूमिका खेलेको थियो । भियतनाम अमेरिकी युद्ध, अफगानिस्तानमा रुस र अमेरिकी चासो र अतिक्रमण, अरब इजरायल युद्ध, लिबियामा कर्नेल गद्दाफीको अन्तय विद्रोहीहरूको कब्जामा राखी हुने परिस्थिति सिर्जना गर्नु, पाकिस्तानमा रहेका ओसामा बिन लादेनलाई पाकिस्तानको कुनै अनुमति नै नलिई संयुक्त राज्य अमेरिकाका सेनाहरू प्रवेश गरी हत्या गर्नु आदिलाई प्रतिनिधि घटनाका रूपमा लिन सकिन्छ । मध्ये प्रदेशमा कर्नेल गद्दाबी र सद्दाम हुसेनलाई दिइएको मृत्युदण्ड यी सबैका पछाडि त्यहाँ रहेको अपार प्राकृतिक स्रोत साधनको दोहन शक्ति सम्पन्न राष्ट्रहरूले गर्ने वातावरण तयार पार्नका लागि हो । यसमा विमति राख्ने राष्ट्रसेवक राष्ट्रप्रेमी नेताहरू नै किन मारिएका छन् । देशबाटै पलायन गरिएका छन् ।

पछिल्लो समय रुस, इरान र टर्कीविरुद्ध संयुक्त राज्य अमेरिकाको अस्वस्थ स्वार्थलोलुप प्रतिस्पर्धा सिरियामा लामो समयदेखि भएको थियो । बसर अल असदले तथाकथित निर्वाचनमार्फत आफूलाई राष्ट्रपति घोषणा गर्दै २४ वर्ष निरन्तर शासन गरे । उनका पिताजीले यसअघि नै करिब २५ वर्ष शासन गरिसकेका थिए । बसर अल असद र उनका पिताजीसमेत गरी यो वंशको तानाशाही शासनको चपेटामा सिरियाली जनताहरूले ५० वर्षसम्म नारकीय जीवन बिताउन बाध्य हुनु पर्‍यो । बसर अल असद तानाशाही प्रवृत्ति मै शासन सञ्चालन गर्न अभ्यस्त रहे । उनले करिब पाँच लाख स्वतन्त्र प्रेमी सिरियालीहरूलाई हत्या गरिदिए । यी नागरिकहरूको पक्षमा संयुक्त राज्य अमेरिका र तानाशाही शासक बसर अल असदको पक्षमा संयुक्त राज्य अमेरिका रुसको नेतृत्वमा इरानले संलग्नता दिइरहेको थियो । ५० वर्षको तानाशाही शासनलाई सिरियाली जनताले अन्त्य गरे । बसर अल असद रुसको शरणमा छन् ।

सिरियाली जनता स्वतन्त्रता प्राप्त गरेको खुसियाली मनाइरहेका छन् । यही घडीमा इजरायलले सिरियामा राजधानी सहरमासमेत हवाई आक्रमण गरिराखेको छ । सन् १९७४ देखि सैन्यविहीन क्षेत्र वा बफर जोनको रूपमा रहने गरी सम्झौता भई राखेको गोलान हाइट क्षेत्रमा स्थल सेनासमेत तैनाथ गरी सिरियामाथि इजरायलले आक्रमण तीव्र बनाएको छ । आखिर यो आक्रमण किन भइराखेको छ ? यसको गन्तव्य के हुन सक्छ ? के यो आक्रमणले निरन्तरता पाइरहने सम्भावना छ त ? यसपछिको सिरियाको भविष्य कस्तो हुने हो ? यसले आफ्नो सत्ताको रक्षा गर्न सक्ने हो वा होइन ? यिनै विषयहरूमा यस आलेखलाई केन्द्रित गर्ने प्रयास गरिएको छ ।

सिरियाबाट खेदिएका तानाशाही शासक बसर अल असद रुसमा शरण लिरहेका छन् । सिरियाली जनता स्वतन्त्रता प्राप्त गरेकोमा खुसियाली मनाउँदै छन् । यही घडीमा इजरायलको आक्रमण सिरियामाथि हुँदा उनीहरू आश्चर्यमा छन् । संक्रमणकाल गुज्रिरहेको अवस्थामा सरकारसम्म बन्न सकेको छैन । सिरियालाई कसरी एउटा जिम्मेवार र लोकतन्त्र वा नागरिक तन्त्र प्रेमी शासकको जिम्मा लगाई स्वतन्त्रताको सास फेर्न सकिन्छ ? भनी तयारी अवस्थामा रहेका सिरियालीहरू माथि अर्को थप पीडाको सामना गर्नु परिराखेको छ । उनीहरू किंमकर्तव्यविमूढ छन् । आफ्ना सैनिक केन्द्रहरू, हातहतियार खरखजाना भण्डारहरू, अन्तर्राष्ट्रिय विमानस्थलहरूमाथि अन्धाधुन्द हमला भइराखेको पीडादायी दृश्य हेर्न विवश भएका छन् ।

संयुक्त राष्ट्र संघको पहलकदममा सन् १९७४ मै सिरिया इजरायलसमेत संलग्न गराई गोलान हाइट क्षेत्रलाई सैन्यविहीन क्षेत्रको रूपमा कायम गरी बफर क्षेत्र कायम गर्ने समझदारी गरेको क्षेत्रमा नै अहिले इजरायली सैनिकहरू रहेका छन् । त्यहाँका विद्यालय, बस्ती कृषि व्यवसाय सबै खतरामा छन् । विद्यालयमा अनलाइन शिक्षा दिन थालिएको छ । त्यस वरिपरिका क्षेत्र सिरियाका अन्य पाँच गाउँहरूमा इजरायली सैनिकले त्यहाँका बासिन्दालाई घरबाट बाहिर ननिस्कन आदेश दिएका छन् । यो युद्ध र आक्रमण आवश्यकताअनुसार निरन्तरता पाइरहने उत्घोष इजरायली प्रधानमन्त्री नेता न्याहुले गरेका छन् । इजरायलका रक्षामन्त्री यो बफर जोनमा सधैँका लागि इजरायली सैनिक तैनाथ हुने र गोलान हाइट क्षेत्र पूरै इजरायलले लिई त्यसभन्दा उताको भागमा मात्र सिरिया र इजरायलको क्षेत्र कायम हुने भनिराखेका छन् । यो आक्रमणको उद्देश्य गोलान हाइट क्षेत्रमात्र कब्जा गर्ने हो भन्ने सन्दर्भमा पनि विश्लेषकहरूले आशंका गरिराखेका छन् । इजरायल एक्लै यो लडाइँ गरिराखेको छैन । उसको मात्रै बलबुतामा सिरियामाथि आक्रमण भएको किमार्थ होइन । यसका पछाडि शक्ति सम्पन्न राष्ट्र संयुक्त राज्य अमेरिकाको सहयोग रहेकोमा धेरैजसो विश्वस्त छन् । गाजा क्षेत्रमा भएको व्यापक नरसंहार जारी नै छ । यसमा अरब क्षेत्रका राष्ट्रहरू द्वन्द्वमा छन् । उनीहरू यो आक्रमणको बदला लिने सोचमा रहिरहेको अवस्थामा सिरियामाथि भएको आक्रमण इजरायल मात्रैले गरेको हो भन्ने पुष्ट्याइँ गर्न सकिन्न । विश्व राजनीतिमा अध्ययन गर्ने जो कोहीले पनि यसका पछाडि विश्वशक्तिहरूको ध्रुवीकरण हुने विश्लेषण गरिराखेका छन् ।

इजरायलको यस प्रकारले सिरियामाथिको आक्रमणको उद्देश्य के हुनसक्छ ? के यो आक्रमणमा पुरै सिरिया नै नियन्त्रण गर्ने रणनीति हो ? अथवा यस सम्बन्धमा अन्य कुनै निहित स्वार्थ इजरायलको रहेको छ । यस बारेमा विविध प्रकारका विश्लेषण भइराखेका छन् । प्रधानमन्त्री नेता न्याहु र रक्षामन्त्रीको अभिव्यक्ति सुन्दा इजरायलको आक्रमण लामो समयसम्म सिरियामाथि जारी रहने आभास मिलेको छ । यसका पछाडि उसले रणनीतिक हिसाबले महत्वपूर्ण देखिएको हर्मन पहाडलाई आफ्नो नियन्त्रणमा लिई राख्ने सबैभन्दा ठूलो उद्देश्य रहेको देखिन्छ । प्यालेस्टाइनहरूले पटक पटक इजराइलमाथि धावा बोलेको, सिरियाली पटक पटक इजरायलमाथि आक्रमण गरिराखेको र इरानले पनि यही रवैया अपनाउँदै गएका कारणले पनि इजरायल बढी सतर्क हुनै पर्ने स्थिति छ । यो हर्मन पहाड त्यस एरियाको सबैभन्दा अग्लो स्थानमा रहेको छ । यसमा सुरक्षा सैन्य तैनाथ गरी आफ्नो देशको सुरक्षाको लागि ठूलो मद्दत पुग्ने सोचाइबाट इजरायली आक्रमण भएको पाइन्छ । जसरी सन् १९६२ मा चीनसँग युद्ध हारेपश्चात भारतले नेपालको लिम्पियाधुरा क्षेत्रमा आफ्नो सैन्य तैनाथ गर्ने सोच बनाई नेपालका शासकहरुसँग समझदारी गरेर त्यो काम गरिराखेको छ । इजरायलको सन्दर्भमा निरपेक्ष रूपमा यही प्रयोजन हर्मन पहाडको भएको देखिन्छ । सिरियाको संक्रमणकालीन अवस्था भएको कारणले यो कार्य गर्न इजराएललाई सहज हुने अवस्था देखिन्छ । अर्कोतर्फ सिरियाका तानाशाही शासक अल असदलाई त्यहाँबाट धपाउन अमेरिकन सहयोग पर्याप्त मिलेको थियो ।

सयुंक्त राज्य अमेरिका र इजरायलको सम्बन्ध अत्यन्त सुमधुर छ । राजनीतिक हिसाबले नजिक छन् । यस अर्थमा पनि अमेरिकन सहयोग इजरायल सैन्यलाई पछि हटाउन मिल्ने अवस्था छैन । त्यसैले मध्यपूर्वका केही देशसँग इजरायलले लडाइँ गर्नुपर्ने स्थिति हुनसक्छ । संयुक्त राज्य अमेरिकाको सहयोग यो मामिलामा इजराएललाई हुने सम्भावना पनि उत्तिकै देखिन्छ । यस अर्थमा इजरायलको गन्तव्यमा पुगी सफलता हासिल गर्न सक्ने स्थिति देखिएको छ । त्यसैले मौकाको फाइदा इजरायलले उठाउने रणनीति लिएको स्पष्ट छ । अर्का उद्देश्य शत्रु राज्यका सैन्य आफ्नो सीमा क्षेत्रमा राख्न नदिने पनि देखिएको छ ।

विशेषगरी सिरियाको दक्षिणी क्षेत्र र राजधानी सहर दमस्कसमा पटक पटक इजरायलले आक्रमण गरेको छ । यो आक्रमणबाट ८० प्रतिशत हतियार, जहाजहरू, मिसाइल, लडाकु जहाज र सैन्य सामग्री ध्वस्त भएको अनुमान छ । त्यसैले सिरियालाई धेरै कमजोर बनाउन र यदि उक्त देशले इजराएलसँग लडाइँमा उत्रिने हो भने मध्यपूर्वी क्षेत्रका अन्य देशसमेतसँग मिलेर संयुक्त रूपमा युद्ध गर्नुपर्ने देखिन्छ । संयुक्त राष्ट्र सघंले सम्झौता गराई गोलायण हाइट क्षेत्रलाई सैन्यविहीन इलाका रूपमा परिणत गरिदिएको अवधिभन्दा पहिले यसका धेरै भूभाग इजरायलको भूभागको रूपमा थियो । आफ्नो भूभाग छिनेको आभास इजरायल यसैको बदला अहिलेको आक्रमण हुन सक्छ । गोलान हाइट क्षेत्रमा इजराइलले आफ्नो कब्जा जमाई इजराइलको झण्डा गाडिसकेको छ ।

सिरियालाई इजरायलले शत्रु राष्ट्रको रूपमा लिएको छ । पटक पटक यस देशसँग युद्ध भइसकेको छ । हुने सम्भावना फेरि पनि छ । सिरियामा अमेरिकन हातहतियारहरूको भण्डारै छ । त्यसैले विशेषगरी जमिनबाट लामो दूरीसम्म मार हान्ने क्षेप्यास्त्रहरू सबै नष्ट गरी शत्रु राष्ट्रलाई कमजोर बनाउने इजरायलको अर्को रणनीति हो । त्यसमा इजरायल धेरै सफल भई पनि सकेको छ । यसबाट उत्साहित भइराखेको इजरायल थप भूभागसमेत नियन्त्रण कायम गर्ने गरी अघि बढ्ने सम्भावना प्रबल देखिँदैछ ।

विश्वका ठूला ठूला शक्ति सम्पन्न देशहरूको रणनीति हेर्दा अब कमजोर र साना देशलाई आफ्नो सार्वभौमसत्ताको संरक्षण गर्न अत्यन्त कठिन बनेको छ । कुनै पनि समय ठूला शक्ति सम्पन्न राष्ट्रहरूले आफ्नो भूभागमाथि आक्रमण गरी नियन्त्रणमा लिन सक्ने सम्भावनाले सबै देशहरू प्राय: चिन्तित बनेका छन् । इजरायलको यो आक्रमणमा फ्रान्स, जर्मनी र अरबका केही देशहरूले गरिराखेका छन् । इजरायली प्रधानमन्त्री नेता न्याहुँलाई अन्तर्राष्ट्रिय अदालतले अपराधी घोषित गरी वारेन्टसमेत जारी गरिसकेको छ । युक्रेनमा रुसले आक्रमण गर्दा पनि संयुक्त राष्ट्र संघले भर्सना गरेकै हो । विश्व संस्था संयुक्त राष्ट्र संघ नै हालको अवस्थामा साना र कमजोर राष्ट्रहरूको संरक्षण गर्न असफल प्रतीत भएको छ । युक्रेनलाई रुसले लिने सम्भावना बढ्दै गएको छ ।

भारत र बंगलादेश बीचको सिमानाको विवाद अन्तर्राष्ट्रिय अदालतले दिएको आदेशलाई समेत भारतले वास्ता नगर्दा संयुक्त राष्ट्र संघको हैसियत स्पष्ट भएकै हो । तर, वार्ताकै माध्यमबाट ४२ वर्षपश्चात बंगलादेशले फिर्ता गरेको छ । यस मामिलामा संयुक्त राष्ट्र संघले केही गर्न सकेको देखिएन । बाराका ओबामा प्रशासनले पाकिस्तानको भूभागमा पसी ओसामा बिन लादेनलाई हत्या गर्दा संयुक्त राष्ट्र संघ मौन बसेको थियो । इराकमा सद्दाम हुसेनलाई प्राणदण्ड दिइरहँदा पनि संयुक्त राष्ट्र संघले त्यहाँ हस्तक्षेप गर्न चाहेन । अहिलेको विश्वमा भिटो प्रयोग गर्न सक्ने सीमित देशहरूको पकडमा रहेको छ । यी देशहरूको बीचमा मात्रै मतैक्यता हुने हो भने कुनै पनि कमजोर देशहरूको सार्वभौमसत्ता अल्प अवधिमा छिनिन सक्छ । अहिले सिरिया आफ्नै घरेलु समस्याबाट गुज्रिराखेको छ ।

एउटा तानाशाहलाई देशबाट बहिर गमन गर्न बाध्य बनाएकोमा गर्वका साथ दिल खोलेर खुसियालीसमेत सिरियाली जनताहरूले मनाउन पाएका छैनन् । इजराएली आक्रमण अन्धाधुन्द भइराखेको छ । यही अवस्थामा केही दिनअघि बढ्ने हो भने सिरियाको ठूलो भूभाग इजराइलको नियन्त्रणमा आउन सक्दछ । टर्की, रुस र इरान तीनवटा देशहरू अल असदलाई सघाउन प्रत्यक्ष रूपमै लागि पर्दा पनि उनीहरू असफल भए । अब इजरायललाई पछि हटाउन यो शक्ति सफल हुने सम्भावना कम छ । किनकि सयुंक्त राज्य अमेरिका निश्चय पनि यस मामिलामा तटस्थ रहँदैन । उसले सिरिया र इजरायल बीचको द्वन्दको सुलह गरिदिन सक्दछ । अन्यथा इजरायललाई सहयोग गर्ने स्पष्ट देखिन्छ । त्यसैले यो आक्रमण लामो समयसम्म रहन सक्ने अनुमान हुँदैछ । हर्मन पहाड र गोलान हाइट क्षेत्र इजरायलले छाड्ने सम्भावना अत्यन्तै न्यून छ । उल्लेख गरेका अतिरिक्त इजरायलले ग्रेटर इजरायलको नारासमेत दिइसकेको छ । यसअघि धेरैपटक इरानसँग युद्ध गर्न परेको अवस्थाको पीडादायी स्मरण इजरायलले गरिराखेको छ । त्यसैले पनि इरानलाई निशानामा राखी यो युद्ध हुनसक्छ ।

ठूला राष्ट्रहरूसँग मुकाबिला गर्न नसक्ने संयुक्त राष्ट्र संघको उपादेयता कहाँनेर हुनसक्छ ? परीक्षण गर्नुपर्ने अवस्था छ । विश्व घटनाक्रमलाई नजिकबाट विश्लेषण गर्दा हालको संयुक्त राष्ट्र संघ दोस्रो विश्व युद्धभन्दा अगाडिको लिग अफ नेसन कै अवस्थामा पुगिसकेको छ । युक्रेन युद्धमा रुस होमिएपछि सुषुप्त अवस्थामा रहेको वारसा प्याकटलाई क्रियाशील बनाउने अभियानमा रुस जुटेको छ । सयुंक्त राज्य अमेरिका लगायत पश्चिमा देशहरू नेटोमा आबद्ध रहेका छन् । साना ठूला विशेषगरी शक्ति सम्पन्न राष्ट्रहरूका बीच शीत युद्ध चरम बिन्दुमा पुगेको छ । कुनै पनि बखत विश्व शक्ति दुई खेमामा मात्र ध्रुवीकरण भयो भने आश्चर्य मान्नुपर्ने अवस्था छैन । किनकि, चीन व्यापारिक स्वार्थका कारणले मात्रै लोकतान्त्रिक देशहरूसँग सम्बन्ध विस्तार गरिराखेको छ । अन्यथा यस देशले पनि साम्यवादी मुलुकसँग सम्झौता गर्दै हातेमालोका साथ युद्धमा होमिने सम्भावना बढी राखेको छ । दक्षिण कोरिया स्वभावत संयुक्त राज्य अमेरिका लगायत पश्चिमा मुलुकसँग नजिक छ ।

उत्तर कोरिया साम्यवादी देश भएकै कारणले रुससँग मिलेर युक्रेनमा लोकतान्त्रिक देशसँग आमनेसामन्ने गरिराखेको छ । यस हिसाबले विश्लेषण गर्दा यदि त्यस्ता विकृति र विसंगतिहरू निराकरणका लागि विश्व संस्था संयुक्त राष्ट्र संघका लागि नपरेमा अथवा क्रियाशीलता नदेखाएमा तेस्रो विश्व युद्धको सम्भावना प्रबल हुँदै गएको छ । यसले विश्व शान्तिमा खलल पुऱ्याउनेछ । संयुक्त राष्ट्र संघको औचित्यमा प्रश्न चिह्न खडा हुन्छ । साना र कमजोर राष्ट्रमाथि शक्ति सम्पन्न राष्ट्रको थिचोमिचो अत्यन्त ज्यादा बढ्दै जान्छ । यस अवस्थामा शक्तिको आडमा सबै प्रकारका विकृति र विसंगतिलाई अंगीकार गर्दै राष्ट्रहरू अघि बढ्ने छन् । यो अवस्था सिर्जना हुनु भनेको सम्पूर्ण मानव जगतका लागि पीडादायी अवस्था बन्नु हो । यो यथार्थतालाई सम्बन्धित सबैले यथा समयमा स्मरण गरी चिन्तन गरी विश्व शान्तिको लागि एकताबद्ध हुनु आजको आवश्यकता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# सेयर बजार : अनुमान कि हेरफेर ?

✍ राजु नेपाल

केही दिन, महिना वा अझ भनौं वर्षदेखि नेपालको सेयर बजारको हाल बेहाल छ । कमाउनेले घरखेत जोड्दैछन् भने गुमाउनेले घरखेत बेच्दैछन् । विना कुनै देखिने कारण कुनै दिन ठूलो अंकमा सेयर बजार बढ्छ र कुनै दिन घट्छ । सेयर बजारका ज्ञाताहरूले सम्म यकिनका साथ हाम्रो सेयर बजारमा यही नै भइरहेको छ भन्न सक्दैनन् । के सबैतिर यस्तै हुन्छ ? कि हाम्रोमा मात्रै हो ? आखिर किन त ? आज नेपालको सेयर बजारको सरल भाषामा चिरफार गरौं ।

नेपालको सेयर बजारको सूचक नेप्से अगस्ट २०२१ मा झण्डै ३२०० पुग्यो । त्यो बेलामा सेयर बजार बढ्नुपर्ने केही कारण थिएन, फलस्वरुप त्यो वृद्धि टिकेन । बजार १८०० सम्म झर्‍यो । त्यसपछि नेप्से लामो समयसम्म त्यतै रुमलिंदै रह्यो । सरकार बन्ने र ढल्ने क्रमको साक्षी बस्दा बस्दै वर्तमान सरकार बन्ने बेलासम्म त्यतै अल्झेको बजार यो सरकार बनेपछि ह्वात्त बढ्यो र झण्डै ३००० सम्म पुग्यो । यो पटक सेयर बजार बढ्नुको कारण कता-कता लगानीकर्ताहरूमा सरकारप्रतिको अन्तिम विश्वास थियो । तर त्यो विश्वास धेरै समय टिकेन र फेरि सेयर बजार घट्न थाल्यो । अहिले यो बजार झण्डै २६०० को हाराहारीमा छ ।

सेयर बजारको पहिलो विशेषता यसले देशको अर्थतन्त्र, सम्बन्धित कम्पनीको कमाइ र लाभांश वितरण क्षमता हेर्छ । दोस्रो र महत्वपूर्ण विशेषता, त्यो कम्पनीमा लगानीकर्ताहरूले लगाउने अनुमान वा स्पेकुलेसन र लिने जोखिम हो । २०२१ को अगस्टमा ३२०० पुग्नु र त्यसपछि १८०० मा झर्नुमा माथिका कुनै कारण थिएनन्, केही थियो त हल्ला अनि हल्ला । तर त्यहाँ तेस्रो र खतरनाक कारण देखापर्‍यो, त्यो हो सेयर बजारमा हेरफेर वा म्यानुपुलेसन । नेपालको सेयर बजारमा त अझ अर्को चौथो तत्व देखापर्‍यो जसले कसैको घरखेत जोड्न मद्दत गर्‍यो र कसैको खरखेत बेच्न बाध्य बनायो, त्यो हो सेयर कर्नरिङ ।

### के हो सेयर बजारमा गरिने स्पेकुलेसन, म्यानुपुलेसन र सेयर कर्नरिङ ?

**स्पेकुलेसन:** आज लगानीकर्तालाई लाग्छ कि यो कम्पनीको सेयरको मूल्य बजारमा हुनुपर्ने भन्दा कम छ वा हुनुपर्ने भन्दा बढी छ । लगानीकर्ताले त्यसका केही कारणहरू पत्ता लगाउँछन् । ती कारणहरू खासगरी कम्पनीको आर्थिक अवस्था, भविष्यको विस्तार, सरकारी नीतिले पार्ने प्रभाव, नाफा र लाभांश वितरण क्षमता आदि हुन्छन् । यदि उसलाई सेयर मूल्य हुनुपर्ने भन्दा कम भएको लाग्छ भने सेयर किन्छ, बढी भएको लाग्छ भने आफूसँग भएको सेयर बेच्छ । लगानीकर्ता झुम्मिंदा सेयर मूल्य बढ्छ र बेच्न खोज्दा घट्छ । यो सेयर बजारको नियम हो र हुनुपर्ने पनि यही हो ।


**यानुपुलेसन:** कुनै कारण विना केही लगानीकर्ताहरू मिलेर सेयर बजारलाई तल लैजानु वा माथि लैजानुलाई म्यानुपुलेसन भनिन्छ । यसका धेरै तरिका हुन्छन् । नेपालमा गलत हल्ला फैलाउनु र पम्प एण्ड डम्पको विधि धेरै अपनाइएको पाइन्छ । अचेल सेयर बजारमा चलखेल गर्ने जो सुकैलाई सोध्नुस्, सबैको एउटै जवाफ हुन्छ, “अब सेयर बजारलाई पाँच हजारको अंकमा पुग्न कसैले रोक्न सक्दैन ।” अनि ऊसँग त्यसको कारण सोध्नुस्, ऊ तपाईंबाट तर्किन्छ, किनकि त्यसको ठोस जवाफ ऊसँग हुँदैन । यस्ता मानिसहरूले सामाजिक सञ्जालमा समेत भ्रम फैलाइरहेका पाइन्छन् । जसले सोझा र सेयर बजारको अन्तर्य थाहा नभएकालाई फसाउँछन् । लामो समयदेखि घाटामा गएका, आगामी केही वर्षमा अस्तित्व नै संकटमा पर्न सक्ने कम्पनीहरूको सेयरमा पटक-पटक सकारात्मक सर्किट लाग्नु यसको उदाहरण हो । नेपालको बजारमा अचेल सबैभन्दा चलेको विधि यही हो । यो छोटो समयमा नाफा कमाउने विधि हो । यो विधिमा काम गर्न सानो-सानो सेयरमा सजिलो हुन्छ । फाइनान्स कम्पनी, जलविद्युत्, लघुवित्त यसका ज्वलन्त उदाहरण हुन् ।

**सेयर कर्नरिङ:** बजारमा कुनै कम्पनीको सेयर धेरै मात्रामा हुन्छ भने कुनै कम्पनीको सेयर थोरै मात्रामा हुन्छ । थोरै मात्रामा भएको सेयरको ठूलो अंश केही समूह मिलेर किन्दै मूल्य बढाउँदै जाने प्रक्रियालाई सेयर कर्नरिङ भनिन्छ । यस्ता कम्पनीको आर्थिक स्थिति, लाभांश वितरणको इतिहास र सेयरको बजार मूल्यका बीच कुनै सम्बन्ध हुँदैन । नेपालमा अचेल फाइनान्स कम्पनी, जलविद्युत् र लघुवित्त कम्पनीको सेयरमा भएको अत्यधिक मूल्यवृद्धिको कारण यही हो । अझ एकातिर नेपाल राष्ट्र बैंकले कारबाही गर्ने अर्कोतिर सेयर बजारमा सकारात्मक सर्किट लाग्ने, सेयर कर्नरिङ र म्यानुपुलेसनको योभन्दा ठूलो उदाहरण के होला र ?

*(साभार: अनलाइनखबर)*

# सहकारी नियामक बन्ने निश्चित, बचत फिर्ता अनिश्चित

काठमाडौं / सरकारले मंगलबार पारित गरेको सहकारी ऐन संशोधन अध्यादेश मार्फत सहकारी क्षेत्रको सबैभन्दा ठूलो विकृति झनै संस्थागत हुने देखिएको छ । सहकारी संस्थाहरू समुदायमा आधारित हुनुपर्नेमा जिल्ला-जिल्लामा शाखा खोली बचत संकलन गरेकाले अहिलेको संकट आएको विभिन्न अध्ययनहरूले देखाएका छन् । तर, मन्त्रिपरिषद्रुले मंगलबार पारित गरेको सहकारी संशोधन अध्यादेशमा सहकारीहरूले गैरकानूनी रुपमा देशभरि शाखा सञ्जाल विस्तार गर्ने गरेकोमा त्यो विषयलाई वैधानिकता प्रदान गरिएको हो ।


(६) दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छः-
"५२. व्यक्तिगत बचत तथा ऋणको सीमाः (१) सदस्यले देहायका सहकारी संस्थामा देहायको सीमासम्म व्यक्तिगत बचत जम्मा गर्न सक्नेछः-
(क) एक प्रदेशभन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थामा पचास लाख रूपैयाँ सम्म,
(ख) एक जिल्ला भन्दा बढी कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थामा पच्चीस लाख लाख रूपैयाँसम्म,
(ग) बढीमा एक जिल्ला भित्र कार्यक्षेत्र रहेको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थामा दश लाख लाख रूपैयाँसम्म ।
तर यो दफा प्रारम्भ हुँदाको बखत कायम रहेको व्यक्तिगत बचतलाई यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र यस दफा बमोजिमको सीमाभित्र ल्याउनुपर्नेछ।
(२) उपदफा (१) बमोजिमको संस्थाको प्राथमिक पूँजीकोषको पन्ध्र प्रतिशत भन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन।"


प्रस्तावित अध्यादेशमा सहकारी ऐन २०५० को दफा ५२ मा संशोधन गर्दै एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका बचत तथा ऋण सहकारी संस्थामा अधिकतम ५० लाखसम्म व्यक्तिगत बचत गर्न सकिने व्यवस्था गरिएको छ । त्यस्तै एक जिल्लाभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थामा अधिकतम २५ लाखसम्म व्यक्तिगत बचत राख्न पाइने र एक जिल्लाभन्दा कम कार्यक्षेत्र भएका सहकारी संस्थामा १० लाखसम्म बचत गर्न पाइने व्यवस्था गरिएको छ । तर, यो दफा प्रारम्भ हुँदाको बखत कायम रहेको व्यक्तिगत बचतलाई यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र सीमाभित्र ल्याउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

सहकारी ऐनमा बचत तथा ऋण सहकारी संस्थाहरूको अधिकतम् कार्यक्षेत्र एक स्थानीय तहसम्म हुने व्यवस्था छ । विभिन्न शर्तहरु पूरा गरेका आधारमा कार्यक्षेत्र विस्तार गर्न दिने व्यवस्थाको दुरुपयोग गर्दै सेवा केन्द्रका नाममा कतिपय सहकारी संस्थाले देशभरि शाखा विस्तार गरेका छन् । त्यस्ता सहकारीहरुले समानान्तर बैंकिङ अभ्यास गर्दै बचत तथा ऋण परिचालन गरी अपचलन गरिरहेका छन् । त्यसरी उठाएको २ खर्ब रुपैयाँभन्दा बढी बचत संस्थाहरूले फिर्ता नगरी अपचलन गरेका छन् ।

तर, अब भने एक प्रदेशभन्दा बढी, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र तोकेर सहकारीलाई देशभरि शाखा खोली गरिएको सहकारी ठगीलाई कुरा संस्थागत गर्न खोजिएको विशेष अदालतका पूर्वअध्यक्ष तथा सहकारी विज्ञ गौरीबहादुर कार्की बताउँछन् । सहकारी मन्त्रालयका पूर्वसचिव डा. गोपीनाथ मैनाली पनि सहकारी संस्थालाई देशभरि शाखा विस्तारको बाटो खोलिदिएर समानान्तर बैंकिङ प्रोत्साहन गर्न खोजिएको बताउँछन् ।

'नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई अनुमतिपत्र दिन बन्द गरेपछि सहकारी संस्थाका माध्यमबाट अप्रत्यक्ष रूपमा बैंक चलाउने गरिएको थियो, त्यो सहकारीको सबैभन्दा ठूलो विकृति हो । अध्यादेशले त्यसलाई वैधानिक बनाउने व्यवस्था गरेको देखियो,' मैनालीले संचारकर्मीसँग भने । सहकारी संस्थाहरूमा कायम गरिएको बचतको 'थ्रेसहोल्ड' नै धेरै भएको उनी बताउँछन् । बढीमा १५ लाखसम्म थ्रेसहोल्ड राख्नुपर्नेमा त्यसलाई ५० लाख पुऱ्याउने मात्रै नभएर देशभरि शाखा खोलेर बचत संकलन गर्न पाउने व्यवस्था गर्नु सर्वथा अनुचित रहेको उनको भनाइ छ । राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा जे कारणले विकृति आएको छ, त्यसैलाई संस्थागत गरिएको बताउँछन् ।

'जिल्ला-जिल्लामा शाखा खोलेर बैंक जसरी सहकारीले बचत उठाएकाले यो क्षेत्रमा समस्या आएको हो, त्यसलाई नियन्त्रण गर्न भनेर अध्यादेश ल्याइएको हो । तर, अध्यादेशले त्यही विकृतिलाई नै बढावा दिएको देखियो,' थापाले भने । यो दफा प्रारम्भ भएपछि बचत तथा ऋण कारोबार गर्ने सहकारीको दर्ता स्थानीय तहमा हुने र कार्यक्षेत्र पनि सोही स्थानीय तहमा हुने भन्ने कुरा व्यवस्था ऐनको दफा ७ मा उपदफा ८ थपेर गरिएको छ । यस्तो व्यवस्था सहकारी ऐनको दफा १८ मा यसअघि नै छ ।

तर, अहिले देशभरि शाखा सञ्जाल विस्तार गरेका सहकारीलाई कार्यक्षेत्रको त्यो दायरामा सीमित गर्नुपर्नेमा त्यसो नगरी बचतको सीमा तोकिदिने काम हुनु गलत भएको सहकारी क्षेत्रका जानकारहरु बताउँछन् । 'देशभरि १४ हजार बचत ऋण सहकारी संस्था छन्, उनीहरूमध्ये जसले बदमासी गरे त्यसलाई वैधता दिने काम भएको छ,' कार्कीले भने ।

### प्रस्तावित प्राधिकरण स्वायत्त न प्रभावकारी

सरकारले सहकारी क्षेत्रको नियमन गर्न एक राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने प्रस्ताव अध्यादेशमा छ । संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था नियमन गर्ने प्रयोजनका लागि यस्तो प्राधिकरण स्थापना गर्ने व्यवस्था अध्यादेशमा छ । सहकारी क्षेत्र नियमन फितलो हुँदा गलत मनसायका व्यक्तिले सहकारी संस्था खोली सर्वसाधारणमाथि ठगी गरेकाले त्यसलाई नियन्त्रण गर्न प्राधिकरणको आवश्यकताबोध भएको हो ।

प्राधिकरण सञ्चालक समिति पाँच सदस्यीय हुने जसमा एक अध्यक्ष, एक विज्ञ सदस्य, एक चार्टर्ड एकाउन्टेन्ट सदस्य तथा दुई सरकारी अधिकारीहरू पदेन सदस्य हुने प्रावधान अध्यादेशमा छन् । राष्ट्र बैंक कार्यकारी निर्देशक र सहकारी मन्त्रालयका सहसचिव सञ्चालक समिति सदस्य हुने व्यवस्था पनि गरिएको छ । तर, प्राधिकरण सञ्चालक समिति अध्यक्ष नेपाल सरकारको राजपत्राफित प्रथम श्रेणी वा सोसरह कार्य गरेको व्यक्ति हुनुपर्ने प्रस्ताव गरिएको छ । वित्तीय क्षेत्रको नियामकको अध्यक्षको स्तर नै घटाइएको मैनालीको तर्क छ ।

सहसचिव स्तरबाट अवकाशप्राप्त व्यक्ति अध्यक्ष बन्न सक्ने भयो, त्यसभन्दा मन्त्रालयको सचिव रहने र उसकै खटनपटनमा प्राधिकरण सञ्चालन हुने हो कि जस्तो दखिएको मैनाली बताउँछन् । यस्तो कमजोर अध्यक्ष हुने प्राधिकरणले प्रभावकारी काम गर्न नसक्ने उनको तर्क छ । 'त्यसो हुँदा कसैलाई जागिर खुवाउने मनसायले यो व्यवस्था गरेको बुझिन्छ । कुनै अवकाशप्राप्त सहसचिवलाई जागिर दिने योजना पहिल्यै बनाएर यो व्यवस्था राखिएको हो कि भनेर आशंका गर्ने ठाउँ पनि छ,' थापा भन्छन् ।

सहकारी ऐनको दफा १०५ मा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गर्ने व्यवस्था छ, जसको अध्यक्ष उच्च अदालतको न्यायाधीश भइसकेको वा सोसरह पदमा काम गरेको वा नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा काम गरेको व्यक्ति हुन्छ । सरकारले ल्याएको नयाँ अध्यादेशले नियामकको अध्यक्ष सहसचिव तहको व्यक्ति हुने र त्यस अन्तर्गत सहकारी व्यवस्थापन समिति अध्यक्ष चाहिँ उच्च अदालतको न्यायाधीश हुने विरोधाभासपूर्ण अवस्था सिर्जना भएको छ ।

त्यतिमात्र होइन, प्राधिकरणको काम कारबाहीबारे नेपाल सरकारले आवश्यक निर्देशन दिन र प्राधिकरणको कार्यसम्पादन अनुगमन गर्न सक्ने व्यवस्था पनि अध्यादेशमा गरिएको छ । सरकारले चाहेको जुनसुकै बेला अध्यक्ष र विज्ञ सदस्यलाई पदबाट हटाउन सक्ने व्यवस्था पनि अध्यादेशमा गरिएको छ । यसले प्राधिकरणलाई स्वायत्त नियामकका रूपमा होइन कि नेपाल सरकार मातहत एउटा विभाग वा संस्थान जस्तो बनाइएको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापाको भनाइ छ ।

अध्यादेशले एक अध्यक्ष र एक विज्ञ सदस्य पूर्णकालीन भएर प्राधिकरणमा काम गर्ने, दुईजना सरकारी अधिकारी पदेन सदस्य हुने र सीए सदस्य चाहिँ कार्यकारी नहुने व्यवस्था गरेको छ । प्राधिकरणमा तीन स्वतन्त्र अध्यक्ष र सदस्यमध्ये जम्मा एकजना सीए सदस्य चाहिँ कार्यकारी नहुने व्यवस्था किन गरिएको हो स्पष्ट हुन नसकिएको थापा बताउँछन् । त्यसको साटो एक अध्यक्ष र दुई सदस्य उपकार्यकारी बनाउने मोडेलमा काम गरेको भए राम्रो हुने उनले बताए ।

'राष्ट्र बैंकमा दुईजना डेपुटी गभर्नर हुन्छन्, कार्यकारी भूमिकामा नै हुन्छन् । त्यसो हुँदा उनीहरूलाई प्रणालीले नै स्वीकार गर्छ । त्यसो गरेको भए अध्यक्ष हट्दा उपकार्यकारीले काम गर्ने थिए, नयाँ व्यक्ति नियुक्त नहुन्जेल काम हुन्थ्यो,' उनी भन्छन्, 'तर, हालै धितोपत्र बोर्ड लामो समय कार्यकारी प्रमुखविहीन भएको अवस्थाबाट सरकारले पाठ सिकेको देखिएन ।' त्यस्तै चार्टर्ड एकाउन्टेन्ट सदस्यको काम परिभाषित नगरिएको तथा दुईजना स्वतन्त्र सञ्चालकबीच नै विभेद गरिएको उनले बताए ।

### प्राधिकरण संघको मात्रै कि प्रदेश र स्थानीय तहको पनि नियामक ?

अध्यादेशले सहकारी ऐनमा परिच्छेद १७क थपेर दफा १०३क मा संघ, प्रदेश र स्थानीय तहका सहकारी नियमनका लागि प्राधिकरण गठन गर्ने उल्लेख छ । तर, दफा ७ मा अबदेखि सहकारीहरू स्थानीय तहमा मात्रै दर्ता हुने प्रावधान राखिएको छ । अध्यादेशको दफा १०३ज मा प्रदेश र स्थानीय तहमा दर्ता भएका सहकारी नियमन गर्दा सम्बन्धित तहसँग समन्वयमा गर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, प्रदेश र स्थानीय तहका सहकारी अनुगमन संयुक्त रूपमा गर्ने जस्ता व्यवस्था पनि गरिएको छ । त्यस्तै प्रदेश र स्थानीय तहका रजिस्ट्रार मार्फत काम लिने व्यवस्था पनि अध्यादेशमा उल्लेख छ । यो व्यवस्थाले संघका मात्रै नियमन प्राधिकरणले गर्ने र तल्लो तहको नियमन अर्को सोही तहले गर्ने देखिएको थापा बताउँछन् । त्यसले सहकारीको द्वैध नियमन अवस्था सिर्जना भएको उनको भनाइ छ । 'भोलि प्रदेश र स्थानीय तहले प्राधिकरणले भनेको नमान्लान् । त्यस्तै अवस्थामा प्रदेश रजिस्ट्रारलाई सरुवा गर्ने ?,' उनको प्रश्न छ । यस्तो व्यवस्थाले प्राधिकरणको अधिकारमाथि प्रश्नचिह्न खडा गरेको उनको भनाइ छ ।

### बचत फिर्ता कसरी हुन्छ ?

अध्यादेशले सहकारी ऐनमा एउटा दफा नै थपेर बचत फिर्ता सम्बन्धी विशेष व्यवस्था गरेको छ । सहकारी ऐनमा दफा १०८क थप गरी प्रचलित कानुनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था वा दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्था सदस्यले जम्मा गरेको ५ लाख रुपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

सदस्यले जम्मा गरेको ५ लाख रुपैयाँभन्दा बढी बचतका हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभए मापदण्ड बनाइ सदस्यको बचत रकम आनुपातिक रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्ने लगायत व्यवस्था थपिएको दफामा छन् । तर, यो व्यवस्थाले अहिले समस्यामा रहेका सहकारीबाट बचतकर्ताले बचत फिर्ता पाउने कुरा सुनिश्चित नगर्ने पूर्वन्यायाधीश कार्की बताउँछन् ।

'नियमन गर्ने भनेको अहिले राम्रो भएका र भोलि खुल्नेलाई हो । तर, बचत फिर्ता नगरेका सहकारीबाट जनताको पैसा फिर्ता गराउने बलियो व्यवस्था अध्यादेशमा राखिएको छैन,' उनी भन्छन् । सहकारी स्रोत अपचलन गरेर तिनका सञ्चालक र कर्मचारीले मात्र नभई, नातागोता, आफन्त, साथीभाइ लगायतका नाममा सम्पत्ति राखिएको हुनसक्छ ।

'त्यो सम्पत्ति क-कसको नाममा किन्यो, कसले खायो वा मास्यो, त्यो सबै तत्काल रोक्का गरेर बिक्री गरी बचत फिर्ता गर्नुपर्ने हो,' उनले भने । समस्याग्रस्त घोषणा भइसकेका सहकारीबाटै बचत फिर्ता नभइरहेको सन्दर्भमा घोषणा हुन बाँकी तर संकटमा रहेका संस्थाबाट कसरी रकम फिर्ता गर्ने भन्ने कुनै मार्गचित्रबिनाको अध्यादेशको कुनै काम नरहेको उनी बताउँछन् ।

'पीएचडी गरेको अध्यक्ष बनाए पनि सीए सदस्य बनाए पनि उसले बचत फिर्ता गराउन सक्दैन,' कार्की भन्छन्, 'भुसको आगो फैलिए जसरी फैलिएको सहकारी समस्या समाधानतर्फ यो कानुन गएको छैन ।'

### तेस्रो पक्षको नियमन कति प्रभावकारी ?

प्राधिकरणले वित्तीय सहकारी नियमन तथा सुपरीवेक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको समन्वयमा रोस्टर तयार गरी सहकारी संस्थाहरूको परीक्षण (प्रुडेन्सियल अडिट) गर्ने-गराउने व्यवस्था गरिएको छ । यो भनेको सहकारी संस्थाहरूको सुपरीवेक्षणमा तेस्रो पक्षलाई सहभागी गराउने भन्ने हो । यो व्यवस्थाप्रति पनि विज्ञहरूले प्रश्न उठाएका छन् । 'अडिटरहरूले जुन संस्थामा अडिट गर्ने हो, उसैको सुविधा लिएर अडिट गर्छन् अनि उनीहरूको प्रतिवेदनको विश्वसनीयतामा प्रश्न उठ्छ कि उठ्दैन ?,' पूर्वसचिव मैनाली भन्छन् ।

### "वित्तीय सहकारी नियमनलाई छुट्टै कानुन चाहिन्छ"

बरु सरकारले यसअघि तयार गरेको वित्तीय सहकारी नियमन तथा सुपरीवेक्षण सम्बन्धी विधेयक नै अघि बढाउनुपर्ने पूर्वकार्यकारी निर्देशक थापाको भनाइ छ । वित्तीय सहकारी र अन्य सहकारी फरक भएकाले उनीहरूका लागि छुट्टै कानुन चाहिने उनी बताउँछन् ।

'वित्तीय सहकारी ऐन भनेर आएको थियो, त्यसमा पनि सुधार आवश्यक थियो । तर, त्यसले अन्तर्राष्ट्रिय रूपमा प्रचलनमा रहेको क्रेडिट युनियन एक्टलाई पछ्याएको थियो,' उनले भने, 'किनभने, वित्तीय सहकारीको काम विशेष प्रकृतिको हुन्छ, त्यसलाई नियमन गर्न विशिष्ट कानुन नै चाहिन्छ ।' तर, सरकारले पुरानै सहकारी ऐनमा वित्तीय सहकारी नियमनको कुरा मिसाएर खिचडी बनाएको उनको भनाइ छ । 'बचत तथा ऋण सहकारीहरूले समानान्तर बैंकिङ नै सञ्चालन गरेको हुनाले त्यसले छुट्टै कानुन माग्थ्यो,' उनले भने । तर, दुवै सहकारीको नियमन मिसाएर गोलमटोल बनाएपछि समाजमा साँच्चै योगदान गरेका अन्य विषयगत सहकारीमाथि अन्याय भएको उनको भनाइ छ ।

२० वर्षदेखि सहकारी नियमनलाई दोस्रो तहको नियामक बनाउने बहस चले पनि यो अध्यादेशले भने त्यसो नगरेको थापा बताउँछन् । 'एसटीआई हुन नयाँ बन्ने नियामकको पनि नियमनकारी निकाय राष्ट्र बैंक नै हुनुपर्थ्यो, त्यसो नभएपछि त्यो एसटीआई भएन,' उनले भने, 'राष्ट्र बैंक ऐनले बचत लिने र ऋण दिने कार्य राष्ट्र बैंकको अनुमतिविना गर्न नपाइने भनेको छ । तर, केन्द्रीय बैंकको दायरा बाहिर सहकारी नियामक बनाउन लागियो, जसले वित्तीय कारोबारको प्रभावकारी नियमन गर्न सक्दैन ।'

त्यस्तै, सहकारी विकास बोर्ड खारेज गरेर त्यसले गर्ने काम प्राधिकरणमा ल्याउने भनिए पनि त्यसो हुन नसक्ने उनले बताए । बोर्डले सहकारी संस्थाको सम्भाव्यता अध्ययन गर्ने तथा उनीहरूलाई व्यवसाय प्रवर्द्धन गर्ने जिम्मेवारी दिइएकोमा प्राधिकरणले त्यो काम गर्न नसक्ने उनले बताए । 'बोर्डले व्यवसाय विकास सेवा प्रदायकका काम पनि गरिरहेको थियो, जसले सहकारी क्षेत्रको उद्यमशीलता प्रवर्द्धन गर्थ्यो,' उनले भने, 'बोर्ड खारेज गर्ने भनियो तर त्यो काम कसले गर्ने भनिएन ।' यस्तो अवस्थामा गैरवित्तीय सहकारी प्रवर्द्धन गर्ने निकाय कुन भन्ने स्पष्ट नभएको उनले बताए ।

सहकारी नियमनमाथि नै लामो समयदेखि अवरोध भइरहेको सन्दर्भमा त्यससम्बन्धी कानुनी व्यवस्था गरिहालौं भनेर अध्यादेश ल्याइएको सहकारी सम्बन्धी अध्यादेशको मस्यौदालाई अन्तिम रूप दिने क्रममा काम गरेका कांग्रेस महामन्त्री गगन थापा बताउँछन् ।

'सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा गृह मन्त्रालयले काम गरेको थियो, बाँकी काम हुन सकेको थिएन, प्रतिवेदन कार्यान्वयन भएन भन्ने गुनासो थियो । त्यसका लागि तत्कालका लागि यो काम गरेका हौं,' उनले भने । अध्यादेशमा केही कमजोरी भएको रहेछ भने यसको प्रतिस्थापन कानुन ल्याउँदा सुधार गर्न सकिने उनले बताए । 'सत्ता साझेदार दुई दलको नियत सही छ । सुधार गर्ने भन्ने नै छ । तर, यसमा कमी भएका कुराहरू प्रतिस्थापन कानुनमा ल्याउने छौं,' उनले भने ।

### सहकारी ठगी मुद्दामा मिलापत्र हुन सक्ने

अध्यादेश मार्फत अदालतमा चलेको बचतकर्ताको बचत रकम भुक्तानी दिन नसकेको वा बचत रकम हिनामिना गरेको वा सहकारी ठगी गरेको मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा मिलापत्र हुन सक्ने व्यवस्था पनि गरिएको छ । सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकाले मिलापत्र गराइ पाउँ भनी निवेदन दिए त्यस्तो मिलापत्र हुन सक्ने व्यवस्था सहकारी ऐनमा गर्ने प्रस्ताव गरिएको छ ।

त्यस्तो मिलापत्र फैसला कार्यान्वयन चरणमा समेत गर्न सकिने छ र त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई लागेको दण्ड जरिबाना र बिगो तिर्नु बुझाउनु नपर्ने र कैदको समेत लगत कट्टा हुने व्यवस्था गरिएको छ । तर, प्रचलित कानुन बमोजिम मिलापत्र हुन नसक्ने संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न नसकिने व्यवस्था छ । त्यस्तै, सहकारी ठगीको उजुरी दिन सक्ने म्याद '९० दिन' रहेकोलाई एक वर्ष बनाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'ऊनको स्वीटर'को 'मखमली' गीतमा विपिन र मिरुनाको अव्यक्त प्रेम



काठमाडौं/केही दिनअघि आर्टमाण्डू युट्युब च्यानलबाट फिल्म 'ऊनको स्वीटर'मा समावेश 'मखमली' गीतको सानो अंश सार्वजनिक गरिएको थियो, जुन यतिबेला धेरै दर्शकको मुखमा झुण्डिएको छ । गीतको सानै अंशमा पनि सयौं टिकटक र रिल्स बनेका छन् । यसैबीच, यो गीतको पूरा अंश बिहीबार सार्वजनिक गरिएको छ । आठ मिनेट लम्बाईको गीतलाई मेलाको परिवेशमा तयार पारिएको छ ।

कौडा भाकामा आधारित गीतले फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री मिरुना मगरबीचको अव्यक्त प्रेम व्यक्त गर्छ, जो फरक जातीय पृष्ठभूमिका हुन् । सुजन चापागाईं र सुनिता थेगिमको स्वर रहेको गीतमा हर्क साउदको शब्द र सुजनकै संगीत छ । यसका संगीत निर्माता कोविद बज्र हुन् । गीतको अडियोमा दर्शकलाई मन्त्रमुग्ध बनाउन सक्ने शक्ति छ ।

दीप गुरुङको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा अभिनेता विल्सन बिक्रम राई पनि प्रस्तुत छन् । उनी मिरुनासँग नाच्दै गर्दा विपिन निराश देखिन्छन् । यसले मिरुनाप्रति उनको प्रेम दर्शाउँछ । मीठासपूर्ण शब्द र सुजनको जादुयी स्वरले गीतमा ज्यान भर्ने काम गरेको छ । गीत रिलिज भएसँगै युट्युबमा सुजनको स्वरको दर्शकहरुले मुक्तकण्ठले प्रशंसा गरिरहेका छन् ।

आगामी बैशाख २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्मलाई नवीन चौहानले निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशकीय फिल्म हो । यसअघि उनले 'घुमी घुमी', 'तीन पाते', 'फूलथुङ्गे रानी' जस्ता म्यूजिक भिडियो निर्देशन गरिसकेका छन् । फिल्ममा विपिन, मिरुना र विल्सनसहित सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा, एलेक्स पारस, परीक्षा लिम्बू, सुरज तमू, शारदा देवी सिलवाल लगायतको अभिनय छ ।

फिल्मलाई निर्देशक चौहानले नै लेखेका हुन् भने उनलाई लेखनमा सुरज कटुवालले सघाएका छन् । यसमा चिन्तन राजभण्डारीको छायांकन तथा कृष्ण भण्डारीको सम्पादन छ । आर्टमाण्डूको निर्माण रहेको फिल्मको कार्यकारी निर्माता सागर बुढाथोकी र मिलन खत्री हुन् । फिल्ममा समावेश गीतहरुमा सुजन चापागाईंसहित झुमा लिम्बू, सुनिता थेगीम र सलिना बि.क.ले स्वर दिएका छन् ।

# वरुणको 'बेबी जोन'माथि 'पुष्पा २' नै भारी



काठमाडौं / यतिबेला भारतका हलमा साउथ फिल्म 'पुष्पा २'को हालीमुहाली छ । प्रदर्शनको चौथो सातामा आइपुग्दा समेत फिल्मको व्यापार अझै थामिने छाँटकाँट देखिएको छैन । बलिउडको नाममा रहेको एकपछि अर्को रेकर्ड तोडिरहेको फिल्मले क्रिसमसको दिन पारेर बुधबारबाट प्रदर्शनमा आएको बलिउड अभिनेता वरुण धवनको फिल्म 'बेबी जोन'लाई समेत हलमा टिक्न मुश्किल पारेको छ ।

'पुष्पा २'का कारण 'बेबी जोन'को ओपनिङ नै प्रभावित बन्यो । करिब तीन हजार स्क्रिनमा रिलिज भएको फिल्मले २० करोड माथि ओपनिङ गर्न सक्ने प्रक्षेपण गरिएको थियो । तर, 'पुष्पा २'ले तेस्रो हप्ताको बुधबार गरेको कमाइ जति पनि फिल्मको ओपनिङ हुन सकेन । बलिउड ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार फिल्मले ११ करोड २५ लाखको ओपनिङ गरेको छ । जबकि, 'पुष्पा २'ले हिन्दी भर्सनमा मात्र बुधबार १५ करोड ५० लाख छापेको छ ।

'बेबी जोन'ले अपेक्षित ओपनिङ गर्न नसकेको भए पनि यो वरुणको कोभिडपछिकै सबैभन्दा ठूलो ओपनिङ गर्ने फिल्म बनेको छ । कोभिडपछि आएका उनका दुईवटा फिल्म 'जुगजुग जियो' र 'भेडिया'ले १० करोडको ओपनिङ गरेका थिए । 'बेबी जोन'ले ११ करोडको ओपनिङ गर्नुमा बलिउड सुपरस्टार सलमान खानको केमियोको ठूलो योगदान रहेको भारतीय मिडियाहरुको दाबी छ ।

'बेबी जोन'को ट्रेलर आएपछि दर्शकमा फिल्मप्रति अपेक्षा बढेको थियो । तर, फिल्मले प्रतिक्रिया नै कमजोर पाएको छ । वरुणका 'हार्डकोर' फ्यानबाहेक प्राय:ले यसलाई साउथ फिल्म 'थेरी'को सस्तो कपी भनेका छन् । फिल्मलाई समीक्षा पनि राम्रो मिलेको छैन । जसले गर्दा आगामी दिनमा फिल्मको व्यापार खस्किने निश्चित प्राय: छ । र, यसको फाइदा 'पुष्पा २'लाई नै हुनेछ ।

'बेबी जोन'को बजेट भारु १८० करोड हो । यसले लगानी उठाउन मात्र भारतीय बजारबाट कम्तिमा ३ सय करोड कमाउनु पर्नेछ । फिल्मले हासिल गरेको ओपनिङ हेर्दा यो सम्भव देखिँदैन । यद्यपि, पाँच दिनको विकेन्ड मिलेकाले फिल्मले सय करोडको आँकडा भने नघाउन सक्ने प्रक्षेपण गरिएको छ । 'जवान' फेम्ड निर्देशक एटलीको निर्माण रहेको फिल्मलाई कलीसले निर्देशन गरेका हुन् ।

# चैत २९ मा थपियो 'नरसिंहा', त्रिपक्षीय भिडन्त निश्चित

काठमाडौं/वर्षेनि दशैं र तिहारपछि नेपाली नयाँ वर्षमा फिल्म रिलिजको ठूलो चाप देखिने गरेको छ । यो समयमा दर्शकहरु मनोरञ्जनका लागि हलमा ओइरिन्छ भन्ने विश्वासमा निर्माताहरुबीच नयाँ वर्षमा फिल्म रिलिज गर्न ठूलै प्रतिस्पर्धा चल्ने गरेको छ ।

यो सिलसिला यसपटक पनि रोकिएको छैन । आगामी नयाँ वर्षमा त्रिपक्षीय भिडन्त निश्चित भएको छ । त्यो पनि एउटै जनराका फिल्महरुबीच ।

२०८२ सालको नयाँ वर्षलाई लक्षित गर्दै आगामी चैत २९ गतेलाई दुई एक्सन फिल्म 'कर्मा' र 'पिताम्बर'ले प्रदर्शन मिति घोषणा गरिसकेको अवस्थामा बिहीबार अभिनेता राजेश हमालको कमब्याक फिल्म 'नरसिंहा : अवतार'ले पनि प्रदर्शनका लागि यही मिति रोजेको छ ।

निर्देशक दीवाकर भट्टराईले चैत २९ गतेबाट फिल्म प्रदर्शनमा आउने जानकारी दिए । यतिबेला छायांकन भइरहेको यो फिल्म पनि एक्सन प्रधान हो । अब एउटै मितिमा तीन एक्सन फिल्म भिड्नेछन् ।

निर्देशक भट्टराई स्वयंको स्क्रिप्ट लेखन रहेको 'नरसिंहा'बाट अभिनेता हमालले ७ वर्षपछि कमब्याक गरेका हुन् । यसैले फिल्मप्रति दर्शकमा पनि उत्साह देखिएको छ ।

यो फिल्मलाई हमालको करिअरको 'दोस्रो इनिङ' मानिएको छ । यसमा उनीसहित सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिषा भट्टराई, प्रशान्त ताम्राकार, उषा खड्गी लगायतको अभिनय रहेको छ ।

एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले संयुक्त रुपमा वितरण गर्ने यो फिल्ममा नेम महर्जन, दीपक शर्मा ढकाल, ुव न्यौपाने र नरेन्द्र महर्जन निर्माताको रुपमा छन् ।

'ह्रस्व दीर्घ'का निर्देशक चन्द्र पन्तको द्वन्द्व निर्देशन रहेको फिल्ममा राजेश हमाल दुई फरक लुक्समा प्रस्तुत हुने जनाइएको छ । प्राप्त जानकारी अनुसार, फिल्ममा उनी प्रहरी अधिकारीको भूमिकामा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# तस्कर समूहले बोलाउँथ्यो पथलैया, निकुञ्जको टोलीले बनायो हेटौंडा 'मिड प्वाइन्ट'





साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ चितवन राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तु तस्करी गिरोहलाई नियन्त्रणमा लिने, पक्राउ गर्ने 'एन्टिपोचिङ युनिट' बाह्रै महिना सक्रिय हुन्छ ।

विश्वकै दुर्लभ एकसिंगे गैंडाको खागको तस्करी गर्ने गिरोहको सुक्ष्म अनुसन्धान गर्ने, आफ्ना विभिन्न संयन्त्रहरु परिचालन गर्ने, ग्राहक बनेर तस्करसम्म पुग्ने लगायतका उपाय यो युनिटले अपनाइरहेको हुन्छ । यही सिलसिलामा केही दिनअघि तस्करीमा संलग्न एक गिरोहले खाग किन्ने व्यक्तिको खोजी गरिरहेको सूचना टोलीले थाहा पाउँछ । र, ग्राहक बनेर सो टोली गिरोहको सम्पर्कमा पुग्छ ।

गिरोहले आफूसँग खाग रहेको भन्दै उपयुक्त स्थानमा मात्रै बिक्री गर्ने बताउँछ । तस्करको समूहले रकमको बार्गेनिङ गर्दै बाराको पथलैयाभन्दा अझै पूर्व बोलाउँछ । तर, निकुञ्जको टोलीले धेरै टाढा जान नहुने भन्दै अस्वीकार गर्छ । पथलैयामा खागको खरिद/ब्रिकी गर्ने सहमतिपछि ग्राहक बनेर निकुञ्जको टोली त्यहीँ पुग्छ । तर, त्यतिबेला गिरोहका कुनै सदस्य सम्पर्कमै आएनन् ।

पछि पुन: हेटौंडामा भेट्ने र खागको कारोबार गर्ने सहमति बन्छ । सोही सहमति अनुसार आज बिहीबार बिहान हेटौंडा उपमहानगर पालिका–८ गर्दोईमा दुईपक्षको भेटघाट हुन्छ । तस्करको टोली अपेक्षा गरेको भन्दा ठूलो समूहमा रहेको र ग्राहक टोली निकुञ्जकै भएको हुनसक्ने देखेपछि तस्करहरु भाग्न खोज्छन् । सो क्रममा निकुञ्जले पाँच राउण्ड हवाई फायर गरेर एक जनालाई पक्राउ गर्न सफल भयो । बाँकी सबै फरार छन् । उनीहरुको खोजीकार्य भइरहेको निकुञ्जले जनाएको छ ।

निकुञ्जले पक्राउ गरेको व्यक्ति नै निकुञ्जको ग्राहक टोलीसँग निरन्तर सम्पर्कमा भएका प्रमुख व्यक्ति भएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तले जानकारी दिए । 'एकजना खाग बेच्ने तस्कर पक्राउ परेका छन्, उनीसँग नै हाम्रो नियमित सम्पर्क भएको हो, अब छानबीनका क्रममा थप विषयहरु खुल्दै जाला,' निकुञ्जका प्रमुख संरक्षण अधिकृत पन्तले भने, 'उनीहरुले भनेको खाग पनि हामीले बरामद गरेका छौं ।'

उनीफलाई चितवन राष्ट्रिय निकुञ्ज वरपरकै क्षेत्रमा चितवनमा नै बोलाएर खाग लिने प्रयास निकुञ्जले गरे पनि सहमति नभएपछि मध्यविन्दु खोजिएको डा.पन्तको भनाइ छ । 'उनीहरु हामीलाई पथलैयाभन्दा अझै पूर्वतिर बोलाएर आफूलाई सुरक्षित राख्न खोजिरहेका थिए,' उनले भने, 'तर, हामी उनीहरुलाई चितवन निकुञ्जकै वरपर ल्याउन खोजिरहेका थियौं ।'

डा. पन्तका अनुसार निकुञ्जका १२ जनाको टोली तस्करहरुसँग डिल गर्न विभिन्न तरिकाले खटिएको बताए । पक्राउ परेका मुख्य व्यक्तिलाई निकुञ्जको हिरासतमा राखिएको छ । उनको साथबाट बदामद गरिएको वस्तु खाग हो वा होइन भन्ने विषयमा प्रहरीको विधिविज्ञान प्रयोगशालामा परीक्षणका लागि पठाइनेछ । उनको साथमा रहेको मोवाइल पनि निकुञ्जले बरामद गरेको छ । पक्राउ परेका व्यक्तिलाई नै प्रमुख आधार बनाएर अरु संलगनहरुको खोजी गरिने डा.पन्तले बताए ।

# समाजसेवी बजगाईको प्रतिमा अनावरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ हेटौंडामा सामाजिक व्यक्तित्व स्वर्गीय काशीनाथ बजगाईको प्रतिमा अनावरण गरिएको छ । हेटौंडा उपमहानगरपालिका–११ नवलपुरमा बजगाईँको प्रतिमा अनावरण गरिएको हो । विहिवार भएको कार्यक्रममा कार्यक्रमका प्रमुखअतिथि एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल र स्वं. बजगाईको श्रीमती कृष्णमाया बजगाईले प्रतिमा अनावरण गरेका हुन् ।

तत्कालीन नगरपञ्चायत वडा नम्बर ११ का अध्यक्ष समेत रहेका स्व.बजगाईंले बाटो निर्माण, खानेपानीको समस्या हल गर्न पाईपलाईनको बिस्तार, पुस्तकालय स्थापना, पाठशाला निर्माण, शिक्षाको विकासका साथै अन्य विभिन्न सामाजिक कार्यमा योगदान गरेका थिए । आफ्नो बुवाले गरेका योगदानको सम्मानस्वरुप बुवाको प्रतिमा अनावरण गरिएको स्वर्गीय बजगाईका छोरा बालकृष्ण बजगाईंले बताए । कार्यक्रममा करिब ६० जना जेष्ठ नागरिकलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

स्व. काशीनाथ बजगाईकी श्रीमती कृष्णमाया बजगाईँको सभाध्यक्षता भएको कार्यक्रममा हेटौंडा–११ की वडाअध्यक्ष जुना दाहाल, बजगाई परिवारका जेष्ठ सदस्य महेश्वर बजगाई, जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रहरी निरीक्षक केशव अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गी, उद्योगतर्फका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, वाणिज्यतर्फका उपाध्यक्ष अनिल अग्रवालका साथै संघका कार्यसमिति सदस्यहरु, वडासदस्य, विभिन्न राजनीतिक दल, सहकारी, विद्यालय, मन्दिर, संघसंस्थाका प्रतिनिधि तथा स्थानीयको सहभागिता रहेको थियो । वि.सं २००१ मा जन्मिएका बजगाईँको मृत्यू वि.सं २०४३ पुस १२ गते भएको थियो ।

# आधा दर्जन बढी आयोजना मर्मत गर्न प्राधिकरणको टेन्डर

काठमाडौं, ११ पुस/नेपाल विद्युत् प्राधिकरणले एकसाथ आधा दर्जनभन्दा बढी जलविद्युत् आयोजना मर्मत सम्भारका लागि टेन्डर आह्वान गरेको छ ।

प्राधिकरणले माथिल्लो त्रिशूली थ्री ए हाइड्रो, कुलेखानी प्रथम हाइड्रो, कुलेखानी द्वितीय, कुलेखानी तेस्रो मर्मतका लागि टेन्डर आह्वान गरेको हो ।

प्राधिकरणका अनुसार गण्डक हाइड्रो, सुनकोशी हाइड्रो, इलाम (पुवाखोला) हाइड्रो र सुनसरी चतरा हाइड्रोमा समेत निर्माणका लागि टेन्डर निकालिएको छ ।

गत मनसुनमा आएको बाढी र पहिरोका कारण प्राधिकरणले निर्माण तथा व्यवस्थापन गरेका यी आयोजनामा क्षति पुगेको थियो । प्राधिकरणका अनुसार यसै साताबाट माथिल्लो तामाकोशी जलविद्युत् आयोजना मर्मत गरी आंशिक सञ्चालनमा ल्याइएको छ ।

# बागमती सरकारले क्रिकेट रंगशालालाई १० करोड दिने, सिटिइभिटीमा लामा



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ बागमती प्रदेश सरकारको मन्त्रि परिषद् बैठकले क्रिकेट रंगशालालाई अनुदान दिनेदेखि सिटिईभिटीमा पदाधिकारी नियुक्तिसम्मका निर्णय गरेको छ ।

बागमती प्रदेश सरकारले गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालालाई १० करोड रुपैयाँ बजेट निकासा गर्ने बिहीबारको मन्त्रि परिषद् बैठकले निर्णय गरेको हो । वार्षिक बजेट कार्यक्रमअनुसार रंगशाला निर्माणका लागि १० करोड बजेट दिने निर्णय गरेको सरकारका प्रवक्त आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । अनुदानका रुपमा १० करोड रुपैयाँ भरतपुर महानगर पालिकालाई अख्तियारी दिने निर्णय गरेको उनले बताए ।

चितवनस्थित क्रिकेट रंगशाला निर्माण गर्ने अघिल्लो सरकारको निर्णयलाई कार्यान्वयन गर्न चालू आर्थिक वर्षमा १० करोड रुपैयाँ निकासा दिइने भएको हो । बागमती प्रदेश सरकार र भरतपुर महानगरपालिकाबीच लागत साझेदारीमा अलपत्र क्रिकेट रंगशालाको निर्माण अघि बढाउने सम्बन्धमा २१ कार्तिक २०८० मा सम्झौता भएको थियो । बागमती सरकारले रंगशाला निर्माणमा ७० प्रतिशत र भरतपुरले ३० प्रतिशत लागत साझेदारी रहने गरी सम्झौता भएको हो ।

यसैगरी, सरकारले नुवाकोटकी शान्ति लामालाई प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सिटिइभिटी) को प्रमुख कार्यकारी निर्देशकमा नियुक्त गरेको छ । हेटौंडामा बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री बहादुरसिंह लामाको गृहजिल्लासमेत रहेको नुवाकोट, म्यागङ गाउँपालिका–४ घर भएकी लामालाई कार्यकारी निर्देशकमा नियुक्त गर्न निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री लामिछानेले जानकारी दिए ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले प्रदेश औद्योगिक ऐन २०७६ र प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ को संशोधन विधेयक अनुमोदन गरेको मन्त्री लामिछानेले बताए । तालिम सञ्चालन र प्रविधि हस्तान्तरण कार्यक्रम कार्यविधि २०८१ लाई प्रदेशसभाको समितिमा पठाउने निर्णय भएको छ । बैठकले अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गरेको लामिछानेले जानकारी दिए । साथै स्वास्थ्य संस्था आशयपत्र सेवा सञ्चालन अनुमति नवीकरण तथा स्तरोन्नतिसम्बन्धी मापदण्ड २०८१ पनि स्वीकृत गरिएको छ ।

# कर्मचारी सचेत नहुँदा अधिकांश पालिकाका वेबसाइट ह्याक

काठमाडौं, ११ पुस/ देशभरका अधिकांश स्थानीय तह (महानगपालिका, नगरपालिका, उपमहानगरपालिका र गाउँपालिका)का वेबसाइट साइबर आक्रमणकारीको निसानामा परेका छन् । कर्मचारीहरूमा सूचना प्रविधिको सचेतना नहुँदा वेबसाइटहरू ह्याकरको सिकार भएको विज्ञहरूले बताएका छन् ।



देशभरका केही पालिकाको वेबसाइट डाउन हुँदा स्थानीय तहहरूले प्रकाशित गर्ने सूचना, जानकारीसहित विभिन्न प्रशासनिक र सामाजिक सुरक्षाको सेवाहरूमा समेत असर परेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले बर्दियाको बाँसगढी नगरपालिकाको वेबसाइटबाट छिरेर ह्याकरले देशरीको स्थानीय तहका सूचना प्रणालीमा आक्रमण गरेको जानकारी दिए । उनले संचार कर्मीसँग भने, 'सुरूमा बाँसगढी नगर पालिकाको वेबसाइटमा ह्याकरले कब्जा जमायो। त्यसपछि बिस्तारै देशैभरका नगरपालिकाका वेबसाइटमा समस्या आएको छ । हाम्रा टेक्निकल टिमले हेरिरहेका छन्।'

प्रवक्ता पराजुलीका अनुसार स्थानीय तहको वेबसाइट दुई दिनदेखि नै समस्याग्रस्त भए पनि जानकारी ढिलो आएकाले रिकभर गर्न समय लागेको हो । ' हामीले वेबसाइटको समस्या ढिलोगरी थाहा पायौं,' उनले भने, 'शुक्रबारसम्म हाम्रो टेक्निकल टिमले रिकभर गर्ला।' उनका अनुसार संघीय मामिला मन्त्रालयले युएनडीपीसँग मिलेर प्रादेशिक र स्थानीय सरकार सहायता कार्यक्रम (पीएलजीएसपी) अन्तर्गत देशभरका स्थानीय तहको वेबसाइट निर्माण गरेको थियो ।

एकीकृत डाटा व्यवस्थापन केन्द्रका कार्यालय प्रमुख मनीष भट्टराईले स्थानीय तहका केही नगरपालिका तथा गाउँपालिका वेबसाइटहरू पाँच दिनअगाडि नै ब्याकअपसहित रिकभर गरेर नयाँ सिष्टम हालेर पठाए पनि ह्याकरले पहिले नै कमजोरी पत्ता लगाएकाले पुन: आक्रमण गर्न सफल भएको बताए ।

उनले भने, 'हामीले गत आइतबार नै केही नगरपालिका तथा गाउँपालिकाका वेबसाइटहरुमा समस्या आउँदा ब्याकअप नयाँ हालेर पठाएका थियौं। तर ह्याकरले कमजोरी पहिल्यै पत्ता लगाइसकेका हुनाले आक्रमण गरेर वेबसाइट कब्जामा लिई छाड्यो।'

स्थानीय तहको वेबसाइट डाउन हुँदा कार्यपालिकाको नियमिति कामकारबाहीमा असर परेको छ । कैलालीको जानकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत आशिषकुमार चौधरीले कार्यालयका नियमित सूचनाहरू, मन्त्रालयबाट आएका परिपत्रहरू र विज्ञापनहरू राख्न वेबसाइटमा राख्रुन नपाएको गुनासो गरे । उनले संचारकर्मीसँग भने, 'हामीले दुई दिनदेखि कार्यपालिकाकको नियमित सुचनाहरू राख्न पाएका छैनौं। गाउँपालिकाका विज्ञापनहरू गर्नबाट बञ्चित भएका छौं । वेबसाइट कहिले खुल्रुने हो थाहा छैन ।'

सरकारले नीतिगत रूपमै स्थानीय तहका सबै वेबसाइटहरू एकीकृत डाटा व्यवस्थापन केन्द्रअन्तर्गत बनाउनुपर्ने निर्देशन दिए पनि कार्यान्वयन गर्न सुरू हुन नसकेको उनको भनाइ छ । उनले भने, ' स्थानीय तहका वेबसाइटहरू अब चाँडै नै केन्द्रीय सूचना प्रणालीअन्तर्गत बनाउनु जरूरी छ। नत्र यसले थप धेरै क्षति गराउन सक्छ। तर कार्यान्वयन धेरै सुस्त छ ।'

पछिल्लो समयमा स्थानीय तहको वेबसाइटहरूमा लगातार समस्या आइरहनु सोसल इन्जिनियरिङ र वेब एप्लिकेशन मुख्रुय चुनौती रहेको साइबर विज्ञहरू बताउँछन् । साइबर सुरक्षाविज्ञ रोशन पोखरेलका अनुसार सरकारी वेबसाइटहरू ह्याक हुनुमा सरकारी कर्मचारीहरू प्राय 'सोसल इन्जियरिङ'प्रति जागरूक नहुनु नै हो ।

'बासगढी नगरपालिकाको वेबसाइट ह्याक हुनुमा पनि सायद ह्याकरले सोसल इन्जिनयरिङ टुल्सको प्रयोग गरेको हुनुपर्छ। वा वेब एप्लिकेशनमार्फत् केही इमेल गरेको हुनुपर्छ, जुन कुरा कर्मचारीले थाहै नपाई क्लिक गरेका होलान्,' पोखरेलले भने।

साइबर सुरक्षाविज्ञ विजय लिम्बूले सबै सरकारी प्रणालीको नियमित रूपमा साइबर सुरक्षासम्बन्धी अडिट गर्नुपर्ने बताए । त्यस्ता घटना कम गर्न चाल्नुपर्ने कदमबारे लिम्बूको सुझाव छ 'सबैभन्दा पहिले त साइबर सुरक्षा विभाग बन्नुपर्‍यो। त्यसलै सबैको नियमित रूपमा साइबर सुरक्षासम्बन्धी जनचेतान कर्मचारीहरूलाई गर्नुपर्‍यो।'

सरकारले हालै बनाएको साइबर सुरक्षा आकस्मिक कार्य समूहजस्ता निकायलाई प्रभावकारी बनाउनुपर्ने पनि उनको भनाइ छ। 'अब धेरैजसो सरकारी कामहरू विद्युतीय माध्यमबाट हुन थालिसकेको अवस्थामा साइबर सुरक्षालाई बेवास्ता गर्नु आफ्नो देशको र नागरिकको डेटाको सुरक्षा नगर्नु हो भन्ने बुझ्नुपर्‍यो,' उनले भने।

अहिले ह्याकरहरूका लागि सोसल इन्जिनियरिङ सहज माध्यम बनिरहेको उनले बताए । 'हामी जे पनि वा भनौं आफ्नो महत्त्वपूर्ण सूचनाहरू सामाजिक सञ्जालमा हालिहाल्छौं। जस्तो की नागरिकता, पासपोर्ट, एटिएम कार्ड, बैंक खाता, राष्ट्रिय परिचयपत्र, लाइसेन्सलगायतका संवेदनशील कागजातहरू। यही पर्खिएर बसेका हुन्छन् ह्याकर र आक्रमणकारीहरू । यसबाट जोकोही पनि साइबर आक्रमण शिकार बनिरहेका हुन्छन्,' लिम्बूको भनाइ छ।

फायरवाल, एन्टिभाइरस वा बटलाई छल्नभन्दा मानिसलाई छल्न सजिलो हुने उनले सुनाए । ' ह्रुयाकरलाई प्राविधिक सुरक्षा प्रणालीमा पहुँच बनाउनुभन्दा मानिसलाई झुक्याएर उनीहरूको डिभाइस वा प्रणालीमा पहुँच बनाउन एकदमै सजिलो हुन्छ,' उनले भने, 'त्यसकारण उनीहरू सोसल इन्जिनियरिङमार्फत हुने इन्सिडेन्ट खोजिरहेका हुन्छन् । हामी भने आफ्नो संवेदनशील सूचना वा कागजात सामाजिक सञ्जालमा जानी/नजानी राखिरहेका हुन्छौं। यसले झन् सोसल इन्जिनियरिङमार्फत हुने साइबर आक्रमण नेपालमा बढाएको छ।'

साइबर सुरक्षाविज्ञ लिम्बूका अनुसार सोसल इन्जिनियरिङ यस्तो साइबर हमला हो, जसमा ह्याकरले प्रयोगकर्तालाई कुनै तरिकाले झुक्याएर, विश्वासमा पारेर वा प्रभावित पारेर युजरनेम, पासवर्ड, बैंक खाता, ओटीपी कोडजस्ता संवेदनशील विवरण फुत्काउने गर्छन् ।

अहिले नेपालमा सामाजिक सञ्जाल (फेसबुक, ह्वाट्सएपलगायत) मार्फत् लाखौं लाख डलर पुरस्कार पाएको भन्दै सो रकम प्राप्त गर्न केही रकम बुझाउनु पर्ने भन्दै लोभ्याएर प्रवेश गर्ने घटना बढिरहेकाले सरकारी तहहरूमा साइबर सचेतना/जनचेतना दिनुपर्ने उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# भारतीय पूर्वप्रधानमन्त्री मनमोहन सिंहको निधन

काठमाडौं, ११ पुस/ भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको निधन भएको छ । सन् २००४ देखि २०१४ सम्म भारतको प्रधानमन्त्रीको पद सम्हालेका सिंह ९२ वर्षका थिए । कांग्रेसका दिग्गज नेतासमेत रहेका सिंहको बिहीबार राति दिल्लीको एम्स अस्पतालमा उपचारको क्रममा निधन भएको हो।

अस्पतालले केहीअघि एक मेडिकल बुलेटिन जारी गर्दै राति नौ बजेर ५१ मिनेटमा सिंहको निधन भएको पुष्टि गरेको छ । मेडिकल बुलेटिनमा भनिएको छ, 'गहिरो शोकको साथ हामी भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको ९२ वर्षको उमेरमा निधन भएको जानकारी गराउँदछौं ।

उहाँ उमेरसँग सम्बन्धित स्वास्थ्य अवस्थाको लागि उपचार गरिरहनुभएको थियो र बिहीबार घरमा अचानक बेहोस हुनुभएको थियो । बेलुकी आठ बजेर ६ मिनेटमा नयाँ दिल्लीको एम्समा मेडिकल इमर्जेन्सीमा ल्याइएकोमा सबै प्रयासका बाबजुद राति नौ बजेर ५१ मिनेटमा मृत घोषणा गरियो ।'

सिंहलाई भारतीय अर्थतन्त्रको विकासमा बलियो जग बसाएको भन्दै सुदृढ आर्थिक परिवर्तनको श्रेय दिने गरिन्छ ।

# झुरझुरेस्थित निर्माणाधीन अस्पतालको निरीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बामगती गाउँपालिकामा निर्माणाधीन अस्पतालको निरीक्षण गरिएको छ । बिहिबार गाउँपालिकाका अध्यक्ष सर्केश घलान र प्रमुख प्रशासकीय अधिकृत ओमप्रसाद दर्जीले निर्माणाधीन अस्पतालको निरीक्षण गरेका हुन् ।

निर्माणाधीन अस्पतालको निरीक्षण गर्दै अध्यक्ष घलानले निर्माणकार्य सम्झौता अवधिभित्र सक्ने गरी काम गर्न निर्माण कम्पनीलाई निर्देशन दिए । अस्पताल निर्माण सम्पन्न भएपछि गाउँपालिकासँगै आसपासका सेवाग्राहीले सेवा पाउने उनले बताए । अहिले गाउँपालिकाभित्र कुनै ठुला अस्पताल नरहेकाले पालिका बाहिर उपचारका लागि जानुपर्ने र बिरामी रेफर गर्नुपर्ने अवस्था हट्ने उनको भनाई छ ।

निर्माण कम्पनीले सम्झौता अवधिभित्रमा काम सम्पन्न गर्ने जनाएको छ । गाउँपालिकाले अस्पताल निर्माणका लागि २०८० जेठ २४ गते काभ्रेको शिवालय बिल्डर्स प्रालीसँग सम्झौता गरेको थियो । सम्झौतामा निर्माण कम्पनीले १७ करोड ८८ लाख रुपैयाँमा ठेक्का पाएको थियो ।

गाउँपालिकाका सब इन्जिनियर अशोक महतोका अनुसार हालसम्म अस्पताल निर्माणको प्रगति ७० प्रतिशत भएको छ ।

यो तपाईहरुकै सुन्दर नगर हेटौंडामा

सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं

एघारौं सडक खाना महोत्सव सफल पारौं ।

कार्यक्रमका आकर्षणहरु:

- स्थानीय कलाकारहरुको साँस्कृतिक मनोरञ्जन
- खानाका पारखीहरुलाई पौराणिक देखि आधुनिक खानाको परिकारसम्मको स्वाद लिन सकिने
- अंग्रेजी नयाँ वर्ष २०२५ लाई स्वागत गरिने
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने



आयोजक : मकवानपुर होटल एशोसिएसन
मिति : यही पुष १३ गतेदेखि १६ गतेसम्म
स्थान : हेटौंडा हुप्राचौरको पूर्वपट्टिको सडकमा
सम्पर्क : ९८५५०७०३०१

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना